म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३१० बिहीबार ६ असार २०८१ ने. सं. ११४४ तछलाथ्व 20 June 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## २७० केजी गाँजा बरामद

हेटौंडा, ५ असार/ईलाका प्रहरी कार्यालय अमलेखगंज बाराबाट खटिएको प्रहरीटोलीले बाराको जीतपुर सिमरा उपमहानगर पालिका-२१ अमलेखगंजमा दुई सय ७० केजी लागूऔषध गाँजासहित भारतीय नागरिकलाई पक्राउ गरेको छन ।

नारायणगढबाट पथलैयातर्फ जाँदै गरेको भारतीय ट्रक शंकास्पद लागी रोकी चेकजाँच गर्दा ट्रकको क्याबिनभित्र बक्स बनाई लुकाईछिपाई राखेको २७ प्याकेट गाँजा बरामद गरिएको प्रहरीले जनाएको छ ।

लागूऔषध गाँजासहित नियन्त्रणमा लिइएको भारतीय नागरिक १९ वर्षीय आन्तोषकुमार गिरीलाई बारा जिल्ला अदालतबाट ७ दिनको म्याद थप गरी अनुसन्धान भइरहेका बारा प्रहरीले जनाएको छ । मानिस समेत ट्रक नियन्त्रणमा लिई लागूऔषध मुद्दा दर्ता गरी अदालतबाट ७ दिनको म्याद थप गरी थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ । ।

## मनहरीको नीति तथा कार्यक्रम सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, ५ असार/ मकवानपुरको मनहरी गाउँपालिकाको १५ औं अधिवेशनबाट बुधबार नीति तथा कार्यक्रम ल्याएको छ । नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले नीतिगत रुपमा शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार: समृद्ध मनहरीको आधार भन्ने मूलनारामा आधारित रही आगामी आर्थिक वर्ष २०८१/८२ का लागि नीति तथा कार्यक्रम प्रस्तुत गरिएको जानकारी दिए ।



नीति तथा कार्यक्रममा विपन्न परिवारका सदस्यको मृत्यु हुँदा परम्परा अनुसारको दाहसंस्कारका लागि गाउँपालिकाले आर्थिक सहयोग गर्ने समेटिएको छ । कतिपय विपन्न मानिस आर्थिक अवस्थाका कारण काजकिरिया गर्न कठिन रहेकाले कार्यक्रममा समेटिएको गाउँपालिका अध्यक्ष कालाखेतीले बताए । गाउँपालिकाले आफ्नो क्षेत्रभित्र चल्ने सार्वजनिक यातायातमा विपन्न नागरिकलाई सहुलियत दिने नीति ल्याइएको छ । गाउँपालिकाको सिफारीस वा परिचयपत्रको आधारमा गरिब तथा विपन्न नागरिकलाई भाडा छुटका लागि सार्वजनिक यातायात व्यवसायीसँग सम्झौता गर्ने अध्यक्ष कालाखेतीले बताए ।

गाउँपालिकाले सामाजिक विकास लक्षित विशेष नीति तर्जुमा गरी वजेटमा समावेश गर्ने लक्ष्य लिएको अध्यक्ष कालाखेतीले जानकारी दिए । 'हामीले शिक्षा, स्वास्थ्य र कृषिलाई प्राथमिकतामा राखेर नीति कार्यक्रम ल्याएसँगै सोही अनुरुप बजेट निर्माण गर्नेछौं,'-अध्यक्ष कालाखेतीले भने । गाउँसभामा चालु आर्थिक वर्षमा भएका प्रमुख उपलब्धी कार्याक्रम र सम्पन्न भएका योजनाबारे जानकारी गराएका थिए । संघीय र प्रदेश सरकारबाट प्राप्त बजेट तथा कार्यक्रमको प्राथमिकता र मार्गदर्शन, योजनाले परिलक्षित गरेका प्राथमिक्तालाई आत्मसाथ गर्दै अघि बढ्ने गाउँपालिकाको लक्ष्य रहेको अध्यक्ष कालाखेतीले बताए ।

यस मनहरी गाउँपालिकाको १९९.५२ बर्गकिलोमिटर भूभागमध्ये अधिकांश कृषिउर्बर भूमि रहको र साबिक हाँडीखोलातर्फ तरकारी, फलफूल, गेडागुडी उत्पादन हुने र मनहरीतर्फ धान, मकैलगायतको अन्नबाली र माथिल्लो भेगमा बाख्रा लगायत पशपुलन गरर उत्पादनमा आधारित स्वरोजगार बन्ने अबसर रहेको कार्यक्रममा उल्लेख छ । यहाँ प्रशस्त मात्रामा नदीउकास जमिन अझै बाँझो रहेको र यातायातको समेत सहज पहुचँ भएको कारण त्यसको सदपुयोगबाट रोजगारी सृजना गर्ने सकिने प्रचुर सम्भावना रहेको बताइएको छ ।

मनहरी-६ मा प्रदेश सरकारले उद्योगग्राम बनाउन तयार गरेको डीपीआर सहितको गुरुयोजना कार्यान्वयन गर्न सकिए थप रोजगारीका अबसर प्राप्त भई युवा जनशक्ति विदेश पलायनलाई समेत रोक्न सघाउ पग्ने र घोषणा गरिएको समृद्ध मनहरी बनाउन सकिने कुरालाई अबसरको रुपमा लिन सकिने बताइएको छ । बिद्यमान द्वैध कानूनी संरचनाको कारण जल, जमिन र जंगलमाथिको अधिकारबाट स्थानीय बासिन्दा लाभान्बित हुनबाट बञ्चित रहनु र महत्वपूर्ण स्थानीय आर्थिक श्रोतको रुपमा रहेको नदीजन्यपदार्थको उपयोगमा नियन्त्रण हुनु समृद्ध मनहरी बनाउने विषयको मुख्य चुनौती रहेको बताइएको छ ।

अधिकांश मध्यवर्ती बस्तीमा निकुञ्जबाट बस्तीमा जंगली जनावरबाट हुने धनजनको क्षति, चुरेको छेउमा बस्ती तथा खेतीयोग्य जमिन भएकोले खहरेबाट हुने भूक्षय तथा जमिनको कटान अको चुनौतीको रुपमा रहको बताइएको छ । सुगम भौगोलिक पहुँचको अबसर सदुपयोग गर्दै आर्थिक विकासको माध्यमबाट गरिवी निबारण र भोकमरी अन्त्य गर्न सकिने प्रचुर सम्भावना रहेको यस पालिकाको राष्ट्रिय जनगणना २०७८ अनुसारको तथ्यांकले पालिकाको लागि थप चुनौती रहेको बताइएको छ ।

## युवाका लागि नमूना संसदीय अभ्यास

साझाकुरा संवाददाता

हेटौंडा, ५ असार/ बागमती प्रदेश युवा परिषद्को आयोजनामा युवाका लागि नमूना संसद अभ्यास हेटौंडामा सुरु भएको छ । चार दिने कार्यक्रमको उद्घाटन गर्दै बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलियाले मानिसको सिक्ने र सिकाउने उमेर कहिल्यै नजाने बताएका छन् ।



मन्त्री थपलियाले भने- 'यो दुनियाँ चलेको दिमागले हो, ज्ञान र विज्ञानले संसारलाइ चुनौती दिन्छ, मानिस जन्मनु मर्नु स्वाभाविक प्रक्रिया हो । तर, जीवनलाइ सफल नागरिकको रुपमा स्थापित हुनु महत्वपूर्ण हुन्छ ।' युवा नमूना संसद अभ्यास तालिमबाट युवाले वढी भन्दा बढी ज्ञान प्राप्त गर्नुपर्ने र जीवनमा लागू गर्नुपर्ने मन्त्री थपलियाले बताए ।

प्रदेश सरकारको प्रारम्भ हुँदादेखि नै ग्रामीण युवालाइ समेटेर अघि बढेर जाने कार्ययोजना तयार पारेको र सोहीअनुरुप काम भइरहेको उनले बताए । युवाले आफ्नो फिल्डमा गर्ने कार्ययोजनाको पूर्वाधार तयार गरी केही गर्नुपर्छ भन्ने कुरामा ध्यान दिनुपर्ने बताए ।

कार्यक्रम प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाइले युवालाइ सशक्तीकरण गर्ने, नेतृत्व गर्न सक्ने क्षमता विकास गर्ने, नेतृत्व भूमिकामा पुग्नुपर्छ भन्ने मान्यताका आधारमा कार्यक्रम तय गरेको जानकारी दिए । अबको दिनमा युवाले नेतृत्व गर्न सक्छन भन्ने विश्वासका साथ युवा नेतृत्वको परिकल्पना सहित कार्यक्रमको आयोजना गरेको यस्का लागि युवामा निरन्तर पैरबी, अनुसासन, धैर्यता र निरन्तरता आवस्यक रहेको उनले बताए ।

यो मुलुकमा केही छैन, मुलुकमा केही गर्ने वातावरण नै छैन, यहाँ बसेर केही काम छैन भन्ने भाष्यलाई परिवर्तन गरी यही मुलुकमा केही छ र हामीले नै गर्ने हो, जे गरे पनि भन्ने भाव जागृत गर्ने चौलागाईले बताए । युवालक्षित कार्यक्रम के छन् ? त्यो खोज्नुस्, आवाज उठाउनुस्, यही वर्षभित्र प्रदेश युवा परिषद्को १० हजार युवालाई सीप सिकाउने योजना रहेको उपाध्यक्ष चौलागाईले जानकारी दिए ।

## लैनचौरमा धर्ना बसेका ४० भन्दा बढी किसान पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, ५ असार/ किसानले दूधको रकम भुक्तानी गर्न माग गर्दै आन्दोलन सुरु गरेका छन् । आफूले उत्पादन गरी बेचेको दूधको मूल्य पाउनुपर्ने माग गर्दै बुधबार किसानले केन्द्रीय दुग्ध सहकारी संघको नेतृत्वमा दुग्ध विकास संस्थान लैनचौर अगाडि धर्ना सहित विरोध प्रदर्शन गरेका छन् ।

संघका केन्द्रीय कोषाध्यक्ष बालकृष्ण उप्रेतीले दुग्ध विकास संस्थानले किसानको सात महिनाको दूधको रकम भुक्तानी गर्न बाँकी रहेकाले दूधको मूल्य माग गर्दै विरोधमा उत्रिनु परेको बताए । उनका अनुसार देशभरका किसानले दूध बिक्रिवापत् झन्डै ७ अर्ब रुपैयाँ भुक्तानी पाउन बाँकी रहेको छ । सरकारी स्वामित्वको दुग्ध विकास संस्थानबाट मात्र २ अर्ब ५० करोड रुपैयाँ भुक्तानी लिन बाँकी रहेको छ । भुक्तानीलगायत विभिन्न मागसहित पटकपटक गरेको सम्झौता रसहमति कार्यान्वयन नभएको किसानको आरोप छ ।

संस्थानका निमित्त महाप्रबन्धक एवम् सूचना अधिकारी राजेन्द्रप्रसाद अधिकारीले दूधबाट बनेका परिकार बिक्री नभएका कारण किसानको रकम भुक्तानी गर्न समस्या भएको बताए ।

'किसानको रकम चाँडो भुक्तानी गर्न निर्यातको सम्भावित क्षेत्र खोज्न थालेका छौं, दुई महिनाभित्र किसानको समस्या समाधान हुन्छ,' उनले भने । दूधको भुक्तानी रकम माग गर्दै संस्थान पुगेका ४० भन्दा बढी किसानलाई प्रहरीले पक्राउ गरेको छ ।

दूधको बक्यौता भुक्तानी माग गर्दै दुग्ध किसानले गरको विरोध प्रदर्शनमा प्रहरी हस्तक्षेपको चर्को बिरोध भइरहेको छ । बुधबार किसानले दुग्ध विकास संस्थानको केन्द्रीय कार्यालय लैनचौर घेराउ गरेका हुन् । उनीहरुले दुग्ध उत्पादक कृषकले दुग्ध विकास संस्थान लगायत निजी डेरीबाट लामो समयदेखि बाँकी दूधको भुक्तानी माग गरेका छन् । विरोध प्रदर्शनका क्रममा ४० जना किसानलाई प्रहरीले नियन्त्रणमा लिएपछि देशभरका किसान आक्रोशित बनेका छन् ।

## कान्तिलोकपथ संचालनमा

साझाकुरा संवाददाता

हेटौंडा, ५ असार/ कान्तिलोकपथअन्तर्गत मकवानपुरको हेटौंडा-काठमाडौं जोड्ने सडक पूर्णरुपमा सञ्चालनमा आएको छ । स्तरोन्नतिसँगै मर्मतका लागि गत चैत १ गतेदेखि बन्द गरिएको सडक पूर्णरुपमा सञ्चालनमा आएको हो ।

यो सडकअन्तर्गत ललितपुरको वागमती गाउँपालिका-२ रातोभिरस्थित सडक निर्माण गर्ने क्रममा ढुंगामाटो धेरै झरी सडक समेत भाँसिएपछि बन्द रहेको थियो । सडक मर्मतसम्भारपश्चात् पूर्णरुपमा सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

गत बैशाख १६ गतेदेखि बिहान ९ बजेदेखि अपराह्न १२ बजेसम्म र राति ६ बजेदेखि बिहान ४ बजेसम्म दैनिक खुला गरिएको सडक अब पूर्णरुपमा सञ्चालन भएको प्रहरी नायवउपरीक्षक भण्डारीले बताए । ललितपुरको टीकाभैरवदेखि तीनपाने भञ्ज्याङ, भट्टेडाँडा, काल्चे बगुवा हुँदै हेटौंडासम्मको करिब डेढ किलोमिटर सडकमा स्तरोन्नति र मर्मतको काम गरिएको छ ।

यस्तै, थानकोट-चित्लाङ सडकखण्ड असार २० गतेसम्म दैनिक पाँच घण्टा बन्द रहने छ । सडक निर्माण कम्पनीले सडकको 'ग्रेड' उच्च रहेको र चौडाइ कम भएका स्थानमा 'ब्रेकर' प्रयोग गरी 'ब्याक कटिङ' र ग्रेड डाउन गर्न लागिएको भन्दै यो सडक दैनिक बिहान ९ बजेदेखि बेलुका ४ बजेसम्म पूर्णरुपमा बन्द गरेको थियो । यो सडक निर्माणका लागि बिएसपी/जयश्री महालक्ष्मी जेभीसँग सम्झौता भएको छ ।

## शिक्षकका लागि सेवाप्रवेश तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ५ असार/ नवप्रवेशी प्राथमिक तहका शिक्षकका लागि सेवाप्रवेश तालिम भएको छ । शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरको आयोजनामा भएको ३ दिने तालिम सम्पन्न भएको इकाईका प्राविधिक सहायक तथा तालिम संयोजक सरला अधिकारीले जानकारी दिइन् ।

गत चैत २५ गते नयाँ नियुक्ति लिएका ३७ जना शिक्षकका लागि तालिम आयोजना गरिएको हो । तालिममा शिक्षकले विद्यार्थी समक्ष कसरी प्रस्तुत हुने, कसरी पढाउने, विषयवस्तुको प्रस्तुतिकरण, शिक्षा ऐन-नियम, सरुवा, बढुवा लगायत विषयमा सहजीकरण गरिएको थियो । तालिममा ३० जना शिक्षकको उपस्थिति रहको थियो ।

शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दिनानाथ गौतमको सभाध्यक्षतामा तालिम समापन गरिएको हो । तालिममा सहभागी शिक्षकलाई प्रमाणपत्र वितरण गरिएको छ । तालिममा अंग्रेजी, नेपाली, सामाजिक, विज्ञान र गणित विषयका ५ जना विषयगत शिक्षकसहित ७ जनाले सहजीकरण गरेका थिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

लोक सेवा आयोग
बागमती प्रदेश तह ५ को पत्रको तयारी कक्षा
सेना तथा प्रहरी तर्फको विभिन्न तहको तयारी कक्षा

शिक्षक सेवा
बैंकिङ कक्षा तयारी
खरिदार
नेपाल विद्युत प्राधिकरण
नायब सुब्बा
नेपाल टेलिकम तह ४
अनुसन्धान सहायक सूचक
नेपाल प्रहरी जवानको लिखित, नयाँ तयारी कक्षा

- शान्त तथा स्वच्छ वातावरण
- हरेक हप्ता Model Test
- दक्ष तथा अनुभवी शिक्षक
- Handsout को व्यवस्था

आफ्नो सिट सुरक्षित गर्न तुरुन्त सम्पर्क गर्नुहोला ।

Elite Aimers Institute
Hetauda-4, Parijathpath, (Infront of Hetauda Campus)
Contact No.: 057-590096,
9855057021,9804219546, 9855078775

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# इन्द्रसरोवरमा माछापालन

कुलेखानी जलासयमा स्थानीयले केज निर्माण गरेर माछापालन गरिरहेका छन् । जलासयमा पानीको सतह घटेपछि माछापालन कार्य पनि प्रभावित भएको छ । करिव ४ सय परिवारले कुलेखानी जलासयभित्र केजमा माछापालन गर्दै आएका छन् । कुलेखानीको माछाको माग अत्यधिक भएका कारण स्थानीयको माछा बिक्री नहुने समस्या छैन । बेलाबेलामा सरकारी निकायबाट कुलेखानी जलासयमा माछाको भुरा छोड्ने गरिएको छ । पछिल्लो पटक कुलेखानी जलासयमा ९ लाख माछाका भुरा छोडिएको छ । इन्द्रसरोवर रिजरभ्वायरको जलीय जैविक विविधता संरक्षणका लागि ९ लाख २० हजार माछाको भुरा छाडिएको हो । मत्स्य विकास केन्द्र, कुलेखानी मकवानपुरले ८ लाख र प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवम् संरक्षण केन्द्र हेटौंडाले एकलाख २० हजार माछाका भुरा कुलेखानी जलासयमा छाडेका हुन् । मत्स्य विकास केन्द्र, कुलेखानीका अनुसार सिल्भर कार्प २ लाख, विगहेड २ लाख, कपन कार्प १ लाख, नैनी, रुबु २ लाख र ग्रास कार्प १ लाख माछाको भुरा छोडिएको हो । प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवम् संरक्षण केन्द्र हेटौंडाका अनुसार रहू तथा नैनी प्रजातिका माछाका भुरा एकलाख २० हजार छाडिएको हो । नेपाली सेना, स्थानीय, कर्मचारी र सरोकारवालाको सहयोगमा माछाको भुरा जलाशायसम्म लगेर छाडिएको थियो ।

मत्स्य विकास केन्द्र, कुलेखानीले मत्स्य विकास केन्द्र भण्डाराबाट ५ लाख र चितवनकै हीरा मत्स्य ह्याचरीबाट ३ लाख माछाको भुरा खरिद गरेको बताइएको छ । केन्द्रले प्राकृतिक जलाशायमा जलीय जैविक विविधता संरक्षण तथा त्यसमा आश्रित समुदायको जीवनस्तर उकास्नको लागि स्थानीय जातका माछाका भुरा बागमती नदीमा छाडेको थियो । मत्स्य विकास केन्द्र, कुलेखानीले अघिल्लो आर्थिक वर्षमा १० लाख माछाको भुरा छाडेको थियो । केन्द्रले चालु आवको जेठ मसान्तसम्म २ हजार ६६ केजी माछा उत्पादन गरेर विक्री गरी ५ लाख १२ हजार रुपैयाँ राजस्व संकलन गरेको छ । अघिल्लो आव २०७९/८० मा २ हजार ५१० केजी माछा उत्पादन गरेको कार्यालयले यसवर्ष अझै उत्पादन बढ्ने विश्वास लिएको छ । यहाँ उत्पादन भएका माछा स्थानीयस्तरमै खपत हुने गरेको छ । सिल्भर, विगहेड प्रतिकेजी २५० रुपैयाँ र केजमा पालेको माछा प्रतिकेजी २३० र कमन कार्प, रुहु, नैनी प्रतिकेजी ३०० का दरले स्थानीयस्तरमै विक्री हुनेगरेको छ । पर्यटकको रोजाइको क्षेत्र भएकाले यहाँ आउने पर्यटकले यहाँको माछा अत्यधिक मन पराउने गरेको होटल व्यवसायी बताउँछन् । वि.स.२०४५ सालदेखि निजीस्तरमा कृषकलाई प्रविधि सिकाई केजमा माछापालन कार्यको थालनी गरिएको थियो । वि.सं. २०६६ सालमा ६८५ जना शेयर सदस्य सहित ईन्द्रसरोवर मत्स्य व्यवसायी संघको स्थापना गरी जलासयमा केजमा माछापालन हुँदै आएको छ । ईन्द्रसरोवर रिजरभ्वायर विद्युत उत्पादनको उद्देश्यले कुलेखानी खोलामा ड्याम वनाई निर्माण गरिएको मानव निर्मित नेपालकै ठुला जलासय हो ।

यसमा पानी जम्मा पार्नलाई पालुङखोला, चित्लाङखोला, सेतीखोला, चखेल इनलेट, चल्खुखोला, ठाडोखोला र धस्कुखोला गरी ७ वटा जलाधार श्रोत छन् । समुद्री सतहदेखि १५३० मिटर उचाईमा यो जलासय रहेको छ । जलासयमा पूर्णरुपमा पानी भरिएको समयमा २१६ हेक्टर र हिउँदमा ५५ हेक्टर पानी रहेको हुन्छ । विद्युत उत्पादनको अतिरिक्त पानीको बहुआयामिक उपयोग गरी आयोजनाकालमा विस्थापित भएका सरोकारवाला कृषकलाई स्थानीयस्तरमै वैकल्पिक रोजगारी प्रदान गर्ने तथा प्राणी प्रोटीनको उपलब्धतालाई बढाउने उद्देश्यले केजमा माछापालन गरिएको हो । मकवानपुरको इन्द्रसरोवरस्थित कुलेखानी जलासयमा पानीको सतह घटेपछि ६० मेगावाट उत्पादन क्षमताको आयोजनाले २० मेगावाट मात्र विद्युत् उत्पादन सुरु गरिएको छ । कुलेखानी प्रथम जलविद्युत् केन्द्रका अनुसार पानीको सतह घटेकाले दुई दिनदेखि उत्पादन घटेको हो । जलासयमा विद्युत उत्पादन गर्न मिल्ने पानीको सतह करिव २ मिटर मात्र बाँकी रहेको छ । अधिकतम् एक हजार पाँच सय ३० मिटरसम्म जलासयमा पानी संचित हुने गरेको छ । कुलेखानी जलासयको सतह घटेर एक हजार चार सय ८५ मिटर पुगेपछि अत्यावश्यक समयमा मात्र आयोजनाले उत्पादन गरिरहेको छ । पछिल्लो समय पानी नपरेकाले जलविद्युतको महत्वपूर्ण 'ब्याकअप' आयोजना मानिने कुलेखानीमा पानीको सतह घटेको हो । समुद्री सतहबाट एक हजार चार सय ८३ मिटरसम्म पानी पुगेपछि बिजुली उत्पादन गर्न मिल्दैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असार ७ गते शुक्रबार २१ जुन २०२४ । चतुर्दशी, जेष्ठ शुक्लपक्ष । तछलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:११, सूर्यास्त ७:०१ । विश्व योग दिवस । विश्व संगीत दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : स्वास्थ्यमा बाधा उत्पन्न हुनेछ | **तुला** | : मानसिक तनाव बढ्नेछ |
| **वृष** | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | **वृश्चिक** | : मनमा छट्पटि बढ्नेछ |
| **मिथुन** | : पवित्र कर्ममा मन जानेछ | **धनु** | : शत्रु पराजय हुनेछ |
| **कर्कट** | : घरेलु समस्याले सताउने देखिन्छ | **मकर** | : बुद्धि र पराक्रम बढ्नेछ |
| **सिंह** | : महत्वपूर्ण भेटघाट हुनेछ | **कुम्भ** | : नातागोतासँग भेटघाट हुनेछ |
| **कन्या** | : उपहार हात लाग्नसक्नेछ | **मीन** | : रोकिएको कामहरु बन्नेछ |

# खर्च क्षमता बिनाको प्रदेश बजेट



हेमराज लामिछाने

नेपालको संविधानको धारा ५६ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र नेपालको राज्य शक्तिको प्रयोग तीन तहको सरकारबाट हुने व्यवस्था गरेको छ । संविधानले गुठी रकम बाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, अनुदान, ऋण लगायतको रकम प्रदेश सञ्चित कोषमा आम्दानी बाँधिने र सोही कोषबाट खर्च गर्ने व्यवस्था गरेको छ ।

आर्थिक वर्ष (आव) २०७४/७५ देखि प्रदेश सरकारहरूले वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्दै आएका छन् । बजेटको आकारका हिसाबले प्रदेश सरकारहरूको वार्षिक बजेट नेपाल सरकार र स्थानीय तहको तुलनामा न्यून रहेको छ । आव २०७९/८० मा सातवटै प्रदेशहरूको कुल विनियोजन ३ खर्ब ६ अर्ब ४ करोड ३ लाख ५७ हजार रुपैयाँ रहेकोमा सोमध्ये २ खर्ब ४ अर्ब ६६ करोड ९६ लाख २६ हजार रुपैयाँ अर्थात् ६६.८८ प्रतिशत मात्रै खर्च भएको छ ।

सोही अवधिमा सातवटा प्रदेशमध्ये सबैभन्दा बढी कोशी प्रदेशको ७७.०३ प्रतिशत खर्च भएको छ भने सबैभन्दा कम मधेश प्रदेशको ५७.१४ प्रतिशत मात्रै खर्च भएको छ । आव २०७९/८० मा सातवटै प्रदेशको कुल खर्चमध्ये पूँजीगत खर्चको अंश ६०.६७ प्रतिशत, चालु खर्चको अंश ३९.०३ प्रतिशत र अन्य शीर्षकको अंश ०.२९ प्रतिशत रहेको छ ।

आव २०७९/८० मा सबै प्रदेशले वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष अनुदान अन्तर्गत कुल १ खर्ब ४८ अर्ब ३२ करोड २६ लाख ८ हजार रुपैयाँ वित्तीय हस्तान्तरण बापत रकम प्राप्त गरेका थिए । सो अवधिमा भएको कुल खर्च २ खर्ब ४ अर्ब ६६ करोड ९६ लाख २६ हजार रुपैयाँमध्ये प्रदेश सरकारका आफ्नै आन्तरिक स्रोतबाट १ खर्ब १२ अर्ब ६० करोड ३३ लाख १ हजार रुपैयाँ अर्थात् ५३.६६ प्रतिशत परिचालन गरेका थिए ।

कुल खर्चमा सबैभन्दा बढी आफ्नै आन्तरिक स्रोत परिचालन गर्ने प्रदेशहरूमा बागमती प्रदेशले ६४.१६ प्रतिशत र सबैभन्दा कम आफ्नै आन्तरिक स्रोत परिचालन गर्नेमा सुदूरपश्चिम प्रदेशले ३८.९९ प्रतिशत मात्रै परिचालन गरेको छ । आव २०७९/८० को वार्षिक विनियोजनको तुलनामा चालु आव २०८०/८१ को संशोधित वार्षिक विनियोजन २३.४७ प्रतिशतले न्यून भई २ खर्ब ३४ अर्ब २१ करोड ७२ लाख १२ हजार रुपैयाँ रहेको छ ।

सातवटै प्रदेशहरूले १ असार २०८१ मा पेश गरेको आव २०८१/८२ को वार्षिक बजेट २ खर्ब ७८ अर्ब ६९ करोड ४६ लाख ३९ हजार रुपैयाँ रहेको छ, जुन चालु आव २०८०/८१ को संशोधित वार्षिक विनियोजनको तुलनामा १८.९९ प्रतिशतले बढी हो । चालु आव २०८०/८१ को संशोधित वार्षिक विनियोजनको तुलनामा बागमती प्रदेशले आव २०८१/८२ का लागि ३३.४० प्रतिशत अधिक बजेट ६४ अर्ब ५४ करोड ४ लाख ३१ हजार रुपैयाँ (प्रति व्यक्ति विनियोजन १० हजार ५५१ रुपैयाँ) विनियोजन गरेको छ ।

यसैगरी लुम्बिनी प्रदेशले चालु आव २०८०/८१ को संशोधित वार्षिक विनियोजनको तुलनामा आव २०८१/८२ का लागि २३.३० प्रतिशत अधिक बजेट ३८ अर्ब ९७ करोड रुपैयाँ (प्रति व्यक्ति विनियोजन ७ हजार ६०८ रुपैयाँ) विनियोजन गरेको छ । सोही अवधिमा मधेश प्रदेशले १६.५९ प्रतिशत बढी बजेट ४३ अर्ब ८९ करोड २१ लाख ७० हजार रुपैयाँ (प्रति व्यक्ति विनियोजन ७ हजार १७८ रुपैयाँ) विनियोजन गरेको छ भने कोशी प्रदेशले २०.६३ प्रतिशत बढी बजेट ३५ अर्ब २७ करोड ९३ लाख रुपैयाँ (प्रति व्यक्ति विनियोजन ७ हजार १११ रुपैयाँ) विनियोजन गरेको छ ।

तर, गण्डकी र कर्णाली प्रदेशको आव २०८१/८२ का लागि विनियोजन गरेको बजेट चालु आव २०८०/८१ को तुलनामा न्यून रहेको छ । गण्डकी प्रदेशको चालु आव २०८०/८१ को तुलनामा आव २०८१/८२ मा १.३४ प्रतिशत बजेट न्यून भई ३२ अर्ब ९७ करोड ८५ लाख ७५ हजार रुपैयाँ (प्रति व्यक्ति विनियोजन १३ हजार ३७१ रुपैयाँ) विनियोजन गरेको छ । कर्णाली प्रदेशको चालु आव २०८०/८१ को तुलनामा आव २०८१/८२ मा ५.९० प्रतिशत बजेट न्यून भई ३१ अर्ब ४१ करोड ४१ हजार रुपैयाँ (प्रति व्यक्ति विनियोजन १८ हजार ६०३ रुपैयाँ) विनियोजन गरेको छ ।

आव २०८१/८२ का लागि कोशी प्रदेशले २०३ बुँदाको वार्षिक बजेट पेश गरेको छ । प्रदेश सरकारले पूँजीगत खर्चको परि चालनमा थप प्रभावकारिता ल्याई प्रदेशको आर्थिक गतिविधिमा सुधार हुने अपेक्षा गरेको छ । कार्यक्रम तथा आयोजनाहरूको वाञ्छित नतिजा हासिल गर्न प्रदेशस्तरीय अनुगमन तथा मूल्यांकन दिग्दर्शन, २०८० लाई कार्यान्वयन गर्ने प्रतिवद्धता समेत व्यक्त गरेको छ ।

यसैगरी प्रदेश सरकार अन्तर्गतका निकायको बेरुजु फर्स्योट तथा सरकारी बाँकी असुल उपर गरी आर्थिक अनुशासन कायम गर्न बेरुजु फर्स्योट सम्बन्धी कार्यविधि, २०८० लाई प्रभावकारी रूपमा कार्यान्वयनमा जोड दिएको छ । सबै निकायले सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नका लागि आगामी आर्थिक वर्षमा सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ लाई संशोधन गरी कार्यान्वयनमा ल्याउने प्रतिबद्धता जाहेर भएको छ ।

आगामी आर्थिक वर्षका लागि मधेश प्रदेशले १५८ बुँदामा बजेट पेश गरेको छ । प्रस्तुत वार्षिक कार्यक्रम र बजेटको कार्यान्वयनबाट उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग र समन्यायिक वितरण भई नागरिकको जीवनस्तरमा सुधार हुने र उच्च तथा फराकिलो आर्थिक वृद्धि हुने अपेक्षा गरेको छ । विकास निर्माणका कार्यलाई खुला एवम् प्रतिस्पर्धी खरिद विधि अनुसरण गर्ने र नागरिकको आयोजनाप्रतिको स्वामित्व र अपनत्वका लागि पारदर्शी कार्यान्वयन प्रक्रिया सहित नागरिक नेतृत्व सहजीकरण संयन्त्र परिचालन गर्ने कुरामा जोड दिएको छ ।

साथै, सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री बनाई पारदर्शिता सुनिश्चित गर्ने प्रक्रिया सरलीकृत गर्ने, सेवाको समय र लागत घटाउने र सूचनाप्रविधिको विकास र विस्तार गरी सेवा प्रवाहलाई मुहाररहित, कागजरहित बनाउन जोड दिएको छ । प्रस्तावित कार्यहरू पूरा गर्नका लागि न्यून हुने बजेट पूर्ति गर्न आन्तरिक ऋणबाट २ अर्ब जुटाउने प्रतिबद्धता समेत बजेटले गरेको छ ।

आगामी आर्थिक वर्षका लागि बागमती प्रदेशले २४१ बुँदामा बजेट पेश गरेको छ । प्रस्तुत बजेटको कार्यान्वयनले प्रदेशको सेवा प्रवाहमा सुधार भई दिगो शान्ति, सुशासनको प्रवर्धन र समृद्धि हासिल हुने अपेक्षा गरेको छ । बजेटले भौतिक पूर्वाधार विकास, रोजगारी सिर्जना, आर्थिक क्रियाकलापमा वृद्धि, उत्पादन तथा उत्पादकत्वमा सुधार र नागरिकको जीवनस्तरमा अभिवृद्धि भई समृद्ध प्रदेशको आधारशिला तयार हुने कुरामा विश्वास लिएको छ ।

प्रदेशको आन्तरिक स्रोत परिचालनलाई दिगो र भरपर्दो बनाउन आय परिचालनका थप क्षेत्रहरू पहिचान गर्न विज्ञ सहितको कार्यदल गठन गरी अध्ययन गराउने कुरामा जोड दिएको छ । प्रादेशिक महत्त्वका आयोजनाहरूलाई गौरवका आयोजनाको रुपमा छनोट गरी कार्यान्वयन गर्न प्रदेश गौरव आयोजना मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । यसैगरी, आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याई प्रदेश सरकारबाट सञ्चालन हुने आयोजना छनोट प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउने विषयलाई प्राथमिकतामा राखेको छ ।

आगामी आर्थिक वर्षका लागि गण्डकी प्रदेशले १६१ बुँदामा बजेट पेश गरेको छ । प्रदेश सरकारले ठूला पूर्वाधार निर्माण, औद्योगिक पूर्वाधार निर्माण, उत्पादन र उत्पादकत्वमा जोड, राजस्वको दायरा वृद्धिमा गरेको प्रयास, सेवा प्रवाहमा सुधार र भ्रष्टाचार न्यूनीकरणमा अपनाएको शून्य सहनशीलताको नीतिले नागरिक सन्तुष्टि अभिवृद्धि भई अर्थतन्त्रको आकार क्रमशः विस्तार हुँदै जाने विश्वास लिएको छ ।

प्रस्तुत बजेट कार्यान्वयनबाट प्रदेशको विकासको मूल आधार भौतिक संरचना निर्माण, रोजगारी वृद्धि, आर्थिक क्रियाकलापमा बढोत्तरी हुनुका साथै नागरिकको जीवनस्तरमा वृद्धि भई समुन्नत प्रदेशको आधारशिला तयार हुने कुरामा जोड गरेको छ । हालसम्म प्रदेश सरकारले कानुनी र संस्थागत व्यवस्थाको अभावमा आन्तरिक ऋण परिचालन गर्न नसकेकोमा आगामी वर्षमा आन्तरिक ऋण परिचालनका लागि आवश्यक व्यवस्था मिलाउने प्रतिबद्धता व्यक्त गरेको छ ।

साथै प्राप्त ऋण रकमलाई उत्पादनमूलक, रोजगारी सृजना गर्ने र ऋणको लागतभन्दा आर्थिक सामाजिक लाभ बढी प्राप्त हुने सम्भावना रहेका योजनाहरूमा मात्र विनियोजन गर्ने व्यवस्था मिलाउने कुरामा जोड गरेको छ । आगामी आर्थिक वर्षका लागि लुम्बिनी प्रदेशले १९७ बुँदामा बजेट पेश गरेको छ । प्रस्तावित बजेट तथा कार्यक्रमले प्रदेश सरकारले तय गरेको 'समृद्ध लुम्बिनी : आत्मनिर्भर प्रदेश' को संकल्प साकार पार्न महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरेको छ ।

प्रदेश अन्तर्गतका जिल्ला समन्वय समितिहरूको क्षमता विकास गरी अनुगमन प्रक्रियालाई थप प्रभावकारी बनाउँदै विकास निर्माणको कार्यमा सन्तुलन कायम गर्न जिल्ला समन्वय समितिहरूलाई बजेट विनियोजन गरी समन्वय र सहकार्यको अभ्यासलाई जीवन्त राख्ने प्रयास गरेको छ ।

प्रदेश र स्थानीय तहको सेवा प्रवाह, विकास व्यवस्थापन र शासकीय प्रबन्धलाई व्यवस्थित, प्रभावकारी, विश्वसनीय र चुस्त बनाउन योग्यता प्रणालीको अवलम्बन गरी प्रदेश लोक सेवा आयोगको क्षमता विकास गरी प्रदेश र स्थानीय तहका लागि आवश्यक जनशक्ति व्यवस्थापन भई सेवा प्रवाह र विकास निर्माण कार्य थप सहज, शीघ्र र प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

आगामी आर्थिक वर्षका लागि कर्णाली प्रदेशले २३० बुँदामा बजेट पेश गरेको छ । प्रस्तावित बजेटको कार्यान्वयनबाट संविधान प्रदत्त मौलिक हक र अधिकारको कार्यान्वयन हुँदै जाने, आधारभूत पूर्वाधार निर्माण हुने, बहुआयामिक गरिबीमा कमी आउने, बजेट अनुशासनको माध्यमबाट प्रदेशको समग्र वित्तीय सुशासन कायम हुने, कर्णाली प्रदेशको आर्थिक, सामाजिक, मानवीय लगायत समग्र विकास र सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि हुने, आम नागरिकमा आर्थिक तथा सामाजिक क्षेत्रमा सकारात्मक परिवर्तनको अनुभूति हुने विश्वास गरिएको छ ।

यसैगरी बजेटले कृषि, उद्योग र सेवा क्षेत्रको योगदान बढ्ने, पूँजीगत खर्च अभिवृद्धि हुने, पूर्वाधार निर्माणको कार्यले गति लिने तथा विभिन्न महामारी र आर्थिक शिथिलताको असर कम हुँदै जाँदा समग्र आर्थिक गतिविधिहरू बढोत्तरी भई ५.८ प्रतिशत आर्थिक वृद्धि हासिल हुने अनुमान गरिएको छ ।

आगामी आर्थिक वर्षका लागि सुदूर पश्चिम प्रदेशले २०५ बुँदामा बजेट पेश गरेको छ । प्रस्तावित बजेटको कार्यान्वयनले प्रदेशमा विद्यमान गरिबी तथा बेरोजगारी, श्रम पलायन, सामाजिक विभेद, वञ्चितीकरण तथा बहिष्करण जस्ता आर्थिक तथा सामाजिक, सांस्कृतिक क्षेत्र, सार्वजनिक वित्त व्यवस्थापन र आयोजना व्यवस्थापन सम्बन्धी समस्या तथा चुनौतीको सम्बोधन भई 'आत्मनिर्भर र समृद्ध सुदूरपश्चिम प्रदेश' निर्माणको दीर्घकालीन सोचलाई हासिल गर्न बलियो आधार निर्माण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

यसबाट प्रदेशमा उत्पादन र उत्पादकत्व अभिवृद्धि, भौतिक पूर्वाधार विकास, उच्च र समन्यायिक आर्थिक वृद्धि, रोजगारी सिर्जना, गरिबी निवारण, बेरोजगारीको अन्त्य, आर्थिक असमानता तथा सामाजिक विभेद र वञ्चितीकरणको न्यूनीकरण, सामाजिक न्याय, मानव पूँजी निर्माण र मानव विकासका क्षेत्रमा महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ ।

अन्त्यमा, सेवाग्राहीका तर्फबाट सबै प्रदेश सरकारहरूले संघ र स्थानीय तहहरूसँग प्रभावकारी समन्वय गरी पारदर्शी हिसाबले बजेटले तय गरेका लक्ष्य र प्रतिबद्धताहरू कार्यान्वयन गरी जनचाहना अनुसारको सेवाप्रवाह र विकास निर्माणका कार्यहरू कार्यान्वयन हुनसक्नेछ भन्ने विश्वास गरिएको छ ।

*(साभार: अनलाइनखबर)*

# प्रशासन संयन्त्रले ठण्डा दिमागले सोच्ने कहिले ?

सागर पण्डित

राजनीति र प्रशासनमा आमूल सुधार नहुँदासम्म यो देश बन्न निकै कठिन छ । राज्यसत्ताको प्रयोग मुख्यरुपमा यी दुवै पक्षबाट हुने भएकाले दुवैमा सुधार नआउँदासम्म नागरिक्ले खोजेको विकास, सुशासन, सेवा प्रवाह र समृद्धि लगभग असम्भव नै छ । त्यसैले नागरिक समाज तथा अन्य दबाब समूहले यी दुई पक्षलाई सुधार्नका लागि विशेष अभियान र खबरदारी गर्नै पर्छ । यस्तो अभियान र खबरदारी छोटो समयका लागि नभई लामो समयका निम्ति तय गर्नुपर्ने आवश्यकता बढेर गएको छ । सरकारको नीति कार्यक्रम र योजनालाई जनतासमक्ष पुऱ्याउने प्रमुख दायित्व प्रशासनिक संयन्त्रको हो । तर ती योजनाहरुको प्रभावकारी कार्यान्वयन भए/नभएको नियमित अनुगमन गरी सशक्त कार्यान्वयन गराउने र कार्यान्वयन गर्न नसक्नेहरुमाथि निरन्तर प्रश्न गर्ने अनि आवश्यकताअनुसार विभिन्न किसिमका कारबाही गर्ने कानुन बनाउने दायित्व राजनीतिक नेतृत्वको हो ।

वर्तमान सरकारले जनकेन्द्रित नीति योजना र कार्यक्रम ल्याएको भए पनि त्यसको कार्यान्वयन गर्न प्रशासनिक संयन्त्र चुक्दै आइरहेको छ । यद्यपि मन्त्रीका रुपमा रहेका राजनीतिक नेतृत्वमा दृढ इच्छाशक्तिको अभाव पनि देखिएको छ । हाम्रा अधिकांश मन्त्रीहरु जागिरे मन्त्रीका रुपमा स्थापित हुँदै आए र अहिले पनि धेरैजसो जागिरे मन्त्रीकै रुपमा छन् । कर्मचारी त यसै पनि जागिरे नै हुन् । उनीहरुलाई कान निमोठ्ने र काममा लगाउने भनेकै राजनीतिक नेतृत्वले हो । अब राजनीतिक नेतृत्व नै जागिरेजस्ता भएपछि दुवैजनाको चरित्र करिब-करिब उस्तै प्रकृतिको देखिन्छ । त्यसैले यहाँको राजनीति र प्रशासन दुवै यथास्थितिवादमा रुमल्लिरहेको छ ।

सैद्धान्तिकरुपमा प्रशासनिक संयन्त्र भनेको सरकारी नीति कार्यान्वयन गर्ने संयन्त्र हो । यो राज्यद्वारा निर्धारित कानुनअनुसार सञ्चालन हुनुपर्छ । प्रशासन सरकार र जनताबीच सेतुको रुपमा रहेको स्थायी सरकार पनि हो । यो जनतालाई सेवा पुऱ्याउन दत्तचित्त भएर लाग्ने संयन्त्र भएकाले नै प्रशासनयन्त्रमा रहेका कर्मचारीलाई राष्ट्रसेवकको उपाधि दिइएको हो । यो उपाधि निकै गौरवपूर्ण भए पनि उनीहरुले वास्तविक राष्ट्रसेवकको भूमिका निर्वाह गरेका छन् कि छैनन् ? गम्भीर प्रश्नको विषय हो यो । उनीहरुको कार्यशैली र प्रवृत्ति हेर्दा राष्ट्रसेवक भन्ने शब्दकै अपमान भएको देखिन्छ ।

विशेषतः प्रशासन निश्चित सिद्धान्तका आधारमा सञ्चालन हुनुपर्ने सैद्धान्तिक मान्यता छ । तर नेपालको प्रशासनिक संयन्त्र सञ्चालनको पद्धति हेर्दा ती सैद्धान्तिक आधारहरु औपचारिकतामा आधारित भएको देखिन्छ । सार्वजनिक प्रशासनका सिद्धान्तमध्ये जनसेवाको सिद्धान्त प्रमुख सिद्धान्त हो । हाम्रा कर्मचारीहरु जनताका समस्या समाधान गर्न कतिको संवेदनशील भएर लागिपरेका छन् ? सहजै विश्लेषण गर्न सकिन्छ । केही अपवादलाई छोडेर अधिकांश कर्मचारीहरु आफ्नै स्वार्थसिद्धमा रमाउने गर्छन् भन्दा अत्युक्ति हुँदैन । कर्मचारी संयन्त्रभित्र नै यस्तो गलत नेक्ससको विकास भइरहेको छ कि तल्लो तहदेखि माथिल्लो तहसम्ममा नै आफ्नो स्वार्थसिद्ध गर्ने कार्य एकरुपमा पाउन सकिन्छ ।

सरकारका नीति योजना र कार्यक्रम लागू गर्न र जनतालाई सहज सेवा प्रदान गर्ने विषयमा उनीहरु एकजुट भएर अग्रसर हुँदैनन् । मुलुक बनाउने विषयमा उनीहरु संवेदनशील बनेको समेत देखिँदैन । कैयौं कर्मचारीलाई आफू कार्यरत निकाय र मन्त्रालयको कार्यविभाजनको विषयसमेत राम्ररी थाहा हुँदैन । प्रशासनिक संयन्त्र सञ्चालनको अर्को प्रमुख आधार भनेको कानुनी सिद्धान्तको आधार हो । तर कैयौं प्रशासकहरु कानुनलाई अक्षरशः पालना गर्न उदासीन रहन्छन् । राजनीतिक नेतृत्वले गलत काम गर्न आदेश दियो भने सैद्धान्तिकरुपमा त्यस्तो आदेश गलत हो र त्यसलाई कार्यान्वयन गर्न सकिँदैन भन्ने तर्क दिएर राजनीतिक नेतृत्वलाई कन्भिन्स गर्ने हिम्मत अधिकांशले गर्न सक्दैनन् । तर कालान्तरमा फस्नेचाहिँ तिनै प्रशासक तथा कर्मचारीहरु नै हुन् ।

प्रशासनिक संयन्त्र सञ्चालनको अर्को प्रमुख सिद्धान्त भनेको पारदर्शिताको सिद्धान्त हो । तर विडम्बना, हाम्रा अधिकांश प्रशासक र कर्मचारीहरु यति धेरै अपादरर्शी छन् कि उनीहरुले जनताका लागि गरेका राम्रा कार्यहरुसमेत भन्न हिच्किचाउने गर्छन् । हाम्रो राजनीतिक नेतृत्वमा केही वर्षदेखि हाबी हुँदै आइरहेको धनवाद र डनवाद संस्कृतिका कारण कुशासन अत्यधिक बढ्यो । हिजोको दिनमा पैसा कमाउन र विलासी जीवन व्यतीत गर्न हाम्रा राजनीतिक नेतृत्वमा होडबाजी नै चल्यो । त्यसैले गर्दा कैयौं नेतृत्व वर्ग वैचारिक र सांस्कृतिक विचलनमा समेत फस्दै आइरहेका छन् । वास्तवमा प्रशासनिक नेतृत्वले गलत कार्यका लागि साथ दिएकाले गर्दा पनि राजनीतिक नेतृत्व भ्रष्टीकरणमा पर्दै आएको हो । प्रशासनिक संयन्त्रमा देखिएको अपारदर्शी प्रवृत्ति पनि कुशासन मौलाउने प्रमुख कारक बन्दै आइरहेको छ ।

यसै गरी जवाफदेहिताको सिद्धान्तमा पनि हाम्रो प्रशासनिक निकाय निकै कमजोर छ । उसले काम गर्ने र त्यसको जवाफदेहिता लिने चाहना नै गर्दैन । कार्यकुशलताको सिद्धान्तमा पनि कर्मचारीहरु चुक्ने गरेका छन् । लोकसेवा आयोगको परीक्षा उत्तीर्ण गर्दा उनीहरु निकै सक्षम र योग्य देखिने गर्छन् तर जब सरकारी काममा समाहित हुन्छन् त्यसपछि उनीहरुले आफ्नो योग्यता र कौशलता प्रदर्शन गर्न सक्दैनन् । त्यसैले संगठनको सिद्धान्त, कानुनको सिद्धान्त, कार्यविभाजनको सिद्धान्त, राजनीतिक निर्देशनको सिद्धान्त, जनसेवाको सिद्धान्त, समन्वयको सिद्धान्त, पारदर्शिताको सिद्धान्त, जवाफदेहिताको सिद्धान्त, कार्यकुशलताको सिद्धान्तअनुसार हाम्रो प्रशासनिक संयन्त्र सञ्चालन भएको छ या छैन ? अब यसलाई व्यापक बहसको विषय बनाइनुपर्छ । राजनीतिक नेतृत्वले यी विषयहरु खोजी गर्नै चाहँदैन, किनकि उसले प्रणाली विकास गर्नै चाहँदैन । निजामतीमा एउटा व्यवस्थित प्रणालीको विकास भएमा हस्तक्षेप गर्न नपाइने र स्वार्थसिद्ध गर्नसमेत नपाइने हुँदा राजनीतिक नेतृत्व निजामतीमा यसरी नै भद्रगोल बनाइरहन चाहन्छ । यो विषयलाई स्वयं निजामती प्रशासनमा रहेकाहरुले बुझ्न सकिरहेका छैनन् । यो दुर्भाग्यपूर्ण हो ।

हिजोको केन्द्रीकृत शासन प्रणाली असफल हुनुमा राजनीतिक नेतृत्वको अक्षमताका साथसाथै प्रशासनिक संयन्त्रको नालायकीपन पनि प्रमुख हो । माथिका सार्वजनिक प्रशासनका सिद्धान्तलाई हाम्रो कर्मचारी प्रशासनले कहिल्यै पनि आत्मसात् गर्दै कार्यान्वयनमा ल्याउन नसक्दा नै हिजोका शासन प्रणालीहरु असफल भएका हुन् । अहिले पनि राजनीतिक नेतृत्वले संघीय शासन प्रणाली ल्याएका छन् तर यो शासन प्रणालीले आत्मसात् गरेका मूल्य र मान्यतालाई जनतासमक्ष पुऱ्याउन प्रशासनिक संयन्त्र असफल हुँदै आएकाले संघीय शासन प्रणालीको संस्थागत विकासमा पनि गम्भीर समस्याहरु देखा परिरहेका छन् ।

राजनीति र प्रशासनको सकारात्मक र एकताबद्ध प्रयास हुन सकेमा मात्रै मुलुकको विकास, समृद्धि र सुशासन सम्भव छ । त्यसैले यी दुवै पक्षले आ-आफ्नो भूमिका र क्षेत्राधिकारलाई आत्मसात् गरेर अगाडि बढ्न सके मुलुकमा विद्यमान विभिन्न खाले संकट निवारण भएर जान सक्छन् र जनताले पनि देशमा वास्तविक सरकार भएको अनुभूति गर्न सक्छन् । तर विडम्बना, हामीकहाँ यी दुवै पक्षले आ-आफ्नो जिम्मेवारी बिर्सिएर एकले अर्काको भूमिका निर्वाह गर्न खोज्दा र राजनीतिले प्रशासनमाथि नांगो हस्तक्षेप गर्दा मुलुकले अपेक्षा गरेअनुसार प्रगति गर्न नसकेको हो ।

*(साभार: नेपाल समाचार-पत्र)*

# सचिवहरू कठपुतली बन्दा बजेटमा मन्त्रीहरूको मनपरी



काठमाडौं/आगामी आर्थिक वर्षको बजेटमा मन्त्रीहरुले आफ्नोसँगै प्रधानमन्त्री र सत्तारुढ दलका शीर्षस्थ नेताको जिल्ला तथा निर्वाचन क्षेत्रमा बजेट खन्याएपछि संसदमा आक्रोश पोखिएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, एमाले अध्यक्ष केपी शर्मा ओली, अर्थमन्त्री वर्षमान पुन, भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठ, शहरी विकासमन्त्री धनबहादुर बुढाको क्षेत्रमा योजना थुपारेकामा सांसदहरुले आआफ्नो शैलीमा विरोध गरिरहेका छन् ।

पूर्वसचिव शारदाप्रसाद त्रितालका अनुसार सत्तारुढ दलहरुको राजनीतिक दस्तावेजका रुपमा आउने बजेटमा शीर्षस्थ नेता, प्रधानमन्त्री, मन्त्रीहरुको क्षेत्रमा धेरै बजेट हाल्नु एक प्रकारको भ्रष्टाचार हो ।

यस्तो अनियमिततामा कर्मचारीतन्त्र प्रयोग हुनु र त्यसको सामान्य प्रतिवादसमेत नहुनु बिडम्बना भएको त्रितालको भनाइ छ । बजेट निर्माण प्रक्रिया मंसिर देखि नै सुरु हुन्छ । विभिन्न चरण पार गरेर आएका योजनाहरुमा आवश्यकता र प्राथमिकतामा बजेट विनियोजन गर्नुपर्ने हो । सत्ता गठबन्धनमा हेरफेर भइरहेकाले मन्त्रीहरुलाई कति दिन हो, मौका पाएको बेला आफ्नो क्षेत्रमा योजनाहरु हालिहालौं भन्ने स्वार्थी भावना आउन पनि सक्छ ।

मन्त्रीहरुले राजनीतिक स्वार्थ राखेर राष्ट्रिय सम्पत्तिको दुरुपयोग गर्न खोज्दा बजेट अनुशासन कायम गर्न भूमिका खेल्नुपर्ने स्थायी सरकार मानिने कर्मचारीतन्त्रले थियो । तर पछिल्ला वर्षहरुमा कर्मचारीतन्त्र राजनीतिक कठपुतली बनेको भन्दै पूर्वसचिव त्रिताल भन्छन्, 'मन्त्रीले लगाए भन्दैमा गलत काम फटाफटी गर्नु कर्मचारीहरुको आत्मसमर्पण हो ।'

मन्त्रीहरुले आफ्नो क्षेत्रमा बजेट खन्याउन खोज्दा यो हदको विकृतिलाई छुट दिने सचिव र सहसचिवमाथि कुनै तहबाट पनि प्रश्न नउठेकामा राष्ट्रिय योजना आयोगका सदस्यहरु पनि अनौठो मान्छन् । योजना आयोगका एक सदस्य, बजेट अनुशासन उल्लंघनमा कर्मचारीहरु समेत मन्त्रीका मतियार बनेको आरोप लगाउँछन् । बजेट भाषण गर्नुभन्दा दुई दिनअघि भौतिक पूर्वाधार मन्त्रालयका कर्मचारी लगेर रातभरि बजेटरी प्रणालीमा मनपरी आयोजना हाल्नेदेखि त्यस्तो अवाञ्छित कामका लागि अनुमति दिने उच्च तहका कर्मचारीहरु पनि मन्त्रीहरु जत्तिकै दोषी भएको उनले बताए ।

'कम्तीमा मन्त्रिपरिषदले पास गरेको बहुवर्षीय ठेक्काको मापदण्ड देखाइदिएको भए यो हदसम्मको दुरुपयोग हुँदैनथ्यो', नाम उल्लेख नगर्ने शर्तमा ती सदस्य भन्छन्, 'अख्तियार धाइरहेका मुख्य सचिव वैकुण्ठ अर्यालले नेतृत्व गरेको कर्मचारीतन्त्रको उत्तरदायित्व नेता र मन्त्रीसँगै सती गइसकेको तथ्य बजेटमा भएको मनपरीले छर्लङ्गै पार्‍यो ।'

बजेट निर्माणका क्रममा मन्त्रीहरुको बद्‌रुमासीलाई सदर गरेका घटनाले कर्मचारी संयन्त्र अनैतिक, सार्वजनिक उत्तरदायित्वविमुख र नेताको गोटी बनेको प्रष्ट हुने पूर्वप्रशासकहरु पनि बताउँछन् । पूर्वमुख्यसचिव विमल कोइराला कर्मचारीहरुमा नैतिक बल नभएकै कारण राजनीतिक रुपमा हुने कुकृत्य र गैरकानुनी कामलाई 'नो' अर्थात 'हुँदैन' भन्ने आँट नदेखिएको बताउँछन् ।

'गलत कामका विरुद्ध उभिन ठूलो नैतिक बल चाहिन्छ, बेठीक हुन नदिनु नेता र कर्मचारी दुबैको दायित्व हुन्छ', उनले भने, 'अवैध र अभ्यासविपरीत काम हुँदा रोक्न अघि नसर्नु कर्मचारीमा देखिएको नैतिक विचलन हो ।' कोइरालाका अनुसार मन्त्रीहरुले जे जस्तो विकृत अभ्यासलाई पछ्याएपनि त्यसको साक्षी र सहयोगी बन्ने क्रम पछिल्लो समयमा कर्मचारी वृत्तमा मौलाएर गएको छ । झन् विशिष्ट श्रेणीका सचिवहरुले कानुन, विधि, प्रक्रिया र पद्धति मिच्न राजनीतिक नेतृत्वलाई कानुनी छिद्रहरु देखाएर गलत अभ्यासलाई मलजल गर्न सघाइरहेका छन् । पदीय दायित्वको बेवास्ता, डर वा अवकाशपछिको राजनीतिक नियुक्तिको लोभका कारण कर्मचारीले यस्ता सौदाबजी गर्ने गरेको पूर्वमुख्य सचिव कोइरालाको मत छ ।

### मन्त्रीका गोजीका सचिव

बजेट निर्माणमा मन्त्रीहरुले गरेको मनपरीविरुद्ध किन उभिन सकेनन् भनेर बुझ्न विवादमा आएका मन्त्रालयहरुका सचिवहरुको पृष्ठभूमि काफी छ । बजेट दुरुपयोगलाई लिएर भौतिक पूर्वाधारमन्त्री रघुवीर महासेठको सबभन्दा बढी आलोचना भएको छ ।

यो मन्त्रालयमा गोपालप्रसाद सिग्देल सचिव छन् । उनलाई मन्त्री महासेठले १९ चैत २०८० मा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट रोजेर भौतिक पूर्वाधारमा ल्याएका हुन् । सिग्देल पहिल्यै भौतिक पूर्वाधारमा आउन प्रयासरत थिए, २३ फागुनमा भौतिक पूर्वाधार मन्त्री भएका महासेठले उनको त्यो चाहना पूरा गरिदिए ।

सिग्देललाई रोजेको मन्त्रालय पाउनु नै 'सबैथोक' हुँदा मन्त्रालयले छाडिसकेको ५ लाख रुपैयाँका योजना समेत बजेटमा फर्काएको भौतिक पूर्वाधार मन्त्रालयका एक अधिकारी बताउँछन् । 'यो पद नै उहाँका लागि प्यारो भयो', उनले भने, 'जिल्ला समेत उल्लेख नगरी रातो किताबमा योजनाहरु हाल्ने मन्त्रीको चाहना पूरा गरि दिएबापत उहाँले अवकाशलगत्तै गतिलो राजनीतिक नियुक्ति पाउनुभयो भने अच्चम्म नमान्दा हुन्छ ।'

बजेट निर्माण गर्ने बेला अर्थ मन्त्रालयमै गएर जथाभावी बजेट हाल्ने कामको नेतृत्व गरेका सडक विभागका उपमहानिर्देशक रामहरि पोखरेललाई मन्त्री महासेठले महानिर्देशकको जिम्मेवारी दिलाइसकेका छन् । महानिर्देशकमा रहेका सुशीलबाबु ढकालाई भने मन्त्रालयमा तानेका छन् ।

समग्र बजेटरी प्रणाली नियन्त्रण गर्ने र सरकारको आर्थिक अनुशासन कायम गराउने जिम्मेवारी बोकेको अर्थ मन्त्रालयले पनि बजेट निर्माणको क्रममा जे गर्‍यो, त्यसमा मन्त्री वर्षमान पुनसँगै अर्थसचिव मधुकुमार मरासिनी पनि उत्तिकै दोषी छन् । 'बजेट आउनुभन्दा एक दिनअघि अर्थ मन्त्रालयमा मान्छे ल्याएर १ लाखका योजना समेत थप्न दिनु कुनै हिसावले पाच्य छैन', पूर्वमुख्य सचिव कोइराला भन्छन्, 'यस्तो अमर्यादित कामलाई कर्मचारी प्रशासन संयन्त्रले हुँदैन भन्न नसक्नु लाजमर्दो हो ।'

मरासिनीको विगतको काम हेर्दा पनि कम विवादित छैन । आर्थिक वर्ष २०७९/८० को बजेट निर्माणमा अनधिकृत व्यक्तिलाई प्रवेश गरेको आरोप लाग्दा उनी आफैं अर्थसचिव थिए । तत्कालीन अर्थमन्त्री जनार्दन शर्मासँग मिलेर बजेट बनाएका उनी बजेट निर्माणमा अनधिकृत व्यक्तिको प्रवेशबारे संसदीय छानबिनपछि शर्मा पुन: अर्थमन्त्रीमा फर्किने भएपछि अर्थ मन्त्रालयमा नबस्ने भन्दै सान्त्वना बटुल्ने प्रयास गरेका थिए ।

आर्थिक र बजेटरी अनुशासनमा मरासिनी कति कमजोर छन् भन्ने पेमेन्ट गेटवे अनियमितता प्रकरणले नै स्पष्ट गरेको थियो । अर्थ मन्त्रालयका बजेट तथा कार्यक्रम महाशाखा प्रमुख हुँदा उनले सरकारको नीति तथा कार्यक्रममा समावेश नै नभएको र राष्ट्रिय सूचना प्रविधि केन्द्रले बजेट माग नगरेको प्रणाली खरिदका लागि २५ करोड रुपैयाँ अर्थ मन्त्रालयको लाइन मिनिस्ट्री बजेट इन्फरमेसन सिस्टममा प्रविष्ट गरेका थिए ।

तत्कालीन अर्थसचिव शान्तराज सुवेदीले समेत सो विषयमा आफूलाई जानकारी नभएको वयान दिएपछि अख्तियारले मरासिनीसहित ९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको थियो । तर विशेष अदालतले सो विवादास्पद कामलाई भ्रष्टाचार ठहर नगरेपछि उनी 'सजिला सचिव'का रूपमा फेरि अर्थ मन्त्रालयमा फर्किए । अदालतले सफाइ दिएलगत्तै अर्थ मन्त्रालयमा फर्किन पाएका उनले बजेट अनुशासन उल्लंघनमा सहजै आँखा चिम्लिदिए ।

बजेट निर्माण प्रक्रियामा बन्द गर्नुपर्ने अर्थ मन्त्रालयको ढोका खोलेर रातभर अन्य मन्त्रालयका कर्मचारीलाई प्रणालीमा पहुँच दिंदै राजनीतिक उद्देश्यप्रेरित आयोजनाहरु थप्न सघाइदिए । पूर्वसचिव त्रिताल प्रशासनिक मूल्य मान्यता विपरीत कर्मचारी संयन्त्रले राजनीतिक नेतृत्वले जे चाह्यो त्यही गरेर बस्ने अवस्थाले बजेटमै विकृति मौलाएको बताउँछन् ।

'बजेट आउने अन्तिम समयमा मन्त्रीले 'मिलाऊ' भनेका भरले योजना थप्न जानु र अर्थ मन्त्रालयको प्रशासनिक संयन्त्रले खुरुक्क प्रणालीमा त्यसरी पहुँच दिने अवस्था नै आउनु सही होइन', उनले भने । सचिव मणिराम गेलाल २२ माघमा मात्र शहरी विकास मन्त्रालयमा पुगेका थिए । सत्ता गठबन्धन फेरिएपछि शहरी विकासमा आएका एकीकृत समाजवादीका मन्त्री धनबहादुर बुढाले गेलाललाई मन्त्रालयमै राखेका थिए । मन्त्रालयबाटै कार्यान्वयन गर्ने गरी बनेका १ लाखका योजना स्वीकार गरेर उनले सरुवा हुनबाट जोगाएको गुन तिरेका छन् ।

### नफर्किएको विगत

प्रशासनविदहका अनुसार केही कमजोरी भएपनि नेपालको निजामती प्रशासनको विगत यतिसारो कमजोर थिएन । थोरै संख्यामा भएपनि स्वच्छ छविका प्रशासकहरु थिए, जसले निजामती सेवामा आशाको सञ्चार गर्ने काम गर्थे ।

बजेट निर्माणमा 'अनैतिक' काम गर्नुपर्ने अवस्था आएपछि तत्कालीन अर्थ सचिव रामेश्वर खनालले चैत २०६७ राजीनामा दिएका थिए । बजेट निर्माणका क्रममा नक्कली भ्याट बिलमा दोषी पाइएका उद्योगी व्यापारीलाई सहुलियतसहित छुट सुविधा दिन तत्कालीन अर्थमन्त्री भरतमोहन अधिकारीले अनुचित दबाब दिएका थिए । अर्थमन्त्री अधिकारीले पूरक बजेटमा मनपरी ढंगले बजेट छर्न खोजेपछि खनालले अर्थसचिवबाटै राजीनामा दिएका थिए । राजीनामा बुझाएपछि खनालले सामाजिक सञ्जालमा लेखेका थिए, 'फ्रिडम इज सो प्रिसियस,' अर्थात् स्वतन्त्रता अति नै मूल्यवान छ ।

बिमल कोइराला, विद्याधर मल्लिक, रामशरण भट्टराई, ठाकुर नाथ पन्त लगायतका अर्थसचिवहरु अहिले पनि अर्थ मन्त्रालयको प्रतिष्ठाका रुपमा चिनिन्छन् । प्रशासन, इन्जिनियरिङसहित प्राविधिक समूहमा पनि निडर र स्वच्छ छविका सचिवको सूची लामो छ । व्यवसायिक मर्यादा राख्ने सचिवले अनुचित निर्णयहरु नगर्ने अडान राख्ने गर्छन् ।

झन् पटक-पटक मन्त्री फेरिरहँदा सरकारको काम कारवाहीलाई प्रभावित हुन नदिन कर्मचारीतन्त्रकै मुख्य भूमिका हुन्छ । यस्तो अवस्थामा मन्त्रालयका प्रशासकमा क्षमता, व्यावसायिकता र स्थिरता अति जरुरी हुने एक पूर्व सचिव बताउँछन् ।

'गोजीका सचिव र सहसचिवहरु टिपेर मन्त्रालयमा ल्याउने अभ्यासले कर्मचारीतन्त्र कर्तव्यमुखीभन्दा बढी कृतघ्न हुन थाल्यो', ती सचिवले भने, 'यसले कर्मचारीतन्त्र कानुन, नैतिकता र स्वविवेकभन्दा बढी मन्त्रीको मात्रै इशारामा चल्ने कारिन्दा बन्न पुग्यो ।'

तर पछिल्ला दशकमा मन्त्रीहरुको गलत निर्णयविरुद्ध कर्मचारी संयन्त्रले घुँडा टेकेका कयौं उदाहरण छन् । पूर्वसचिव शारदा प्रसाद त्रितालका अनुसार कर्मचारी तन्त्रलाई निरीह बनाइएको मात्रै छैन, कतिपय कर्मचारी आफैंले पनि निरीहता रोजेका छन् । 'मन्त्रालयको मौलिकता र प्राथमिकतामा नहिँड्ने, मन्त्रीलाई उकासेर गलत काम गर्न प्रेरित गर्ने कर्मचारीको आत्मसमर्पणको कार्यशैली ठीक हैन', उनी भन्छन् ।

प्रशासन नै प्रयोग भएर बजेट र त्यसको निर्माण प्रक्रियालाई समेत दूषित बन्नुमा कर्मचारीमा पदावधि सकिंदा नसकिंदै अर्कोतिर राजनीतिक नियुक्ति लिने लालसा प्रमुख कारकका रुपमा रहेको त्रितालको भनाइ छ ।

'अवकाशपछि नेताले गोजीबाट झिकेर दिने नियुक्तिले प्रशासकहरुमा लोभ र लाचारीपन देखिएको छ', उनले भने, 'त्यसैले सेवाबाट अलग भएको ३ वर्षसम्म कुनै पनि राजनीतिक र सरकारी नियुक्ति लिन नपाउने व्यवस्था गर्दा कर्मचारीतन्त्र नेताका कठपुतली बन्ने समस्या धेरै हदसम्म कम हुन्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# ५ महिनापछि दयाहाङ फेरि किन उडे अमेरिका ?



काठमाडौं/अघिल्लो वर्षसम्म अभिनेता दयाहाङ राईलाई छायांकनमा भ्याइनभ्याइ थियो । आफ्नै फिल्म रिलिज हुँदा प्रचारमा समय दिन समेत भ्याउँदैन थिए । कहिले तराई त कहिले पहाडी क्षेत्रमा छायांकनका लागि पुगेका हुन्थे । तर, धेरै फिल्म गर्दा रिलिजको चाप बढ्यो । एउटै मितिमा आफ्नै फिल्म भिड्न थाले । जसले गर्दा उनका फिलमप्रति दर्शकको वितृष्णा बढ्दा व्यापारमा समेत असर पर्‍यो ।

यसैले हुनसक्छ, यस वर्षदेखि दयाहाङले काम गर्ने शैली बदलेका छन् । विगत तीन महिनायता उनले कुनै फिल्म गरेका छैनन् । न त नयाँ फिल्म सम्झौता गरेका छन् । बुझिए अनुसार, अब उनी स्क्रिप्ट चित्त नबुझेसम्म फिल्म नगर्ने अडानमा छन् । र, प्रदर्शन मिति घोषणा गरेर छायांकनमा निस्किने फिल्म समेत उनले नगर्ने जनाइएको छ । उनको यो अडानले निर्माताहरुलाई तनाव दिएको छ ।

गत बैशाखदेखि आफ्ना फिल्मको प्रचारमा मात्र देखिएका दयाहाङ बुधबार अमेरिका उडेका छन् । गत माघमा अमेरिकामा फिल्म 'भूठान'को छायांकन सकाएर फर्किएका उनी नेपाल-अमेरिका फिल्म फेस्टिभलमा सहभागी हुन निर्देशक नवीन सुब्बाको साथमा अमेरिका प्रस्थान गरेका हुन् । यही जुन २० देखि २३ सम्म हुने यो फेस्टिभलमा उनको फिल्म 'गाउँ आएको बाटो' स्क्रिनिङ हुँदैछ ।

सन् २०१७ देखि आयोजना हुँदै आएको महोत्सवमा नेपाल, अमेरिका, जर्मनीसहित ११ देशका फिचर, वृत्तचित्र, लघु तथा एनिमेसन गरि ३५ फिल्म देखाइनेछ । समापनमा भने 'द रेड सुटकेस' प्रदर्शन हुँदैछ । महोत्सवमा छनोट भएका फिल्म मेरिल्यान्ड राज्यको एएफआई सिल्भर थिएटर तथा ग्रिनबेल्ट थिएटरमा प्रदर्शन हुने आयोजक संस्था नेपाल-अमेरिका फिल्म सोसाइटीले जनाएको छ ।

# साम्राज्ञी र धीरजको 'रुमानी रङ्ग' अन्योलमा, निर्देशक बाहिरिए



काठमाडौं/अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाह र अभिनेता धीरज मगरलाई लिएर बन्न लागेको फिल्म 'रुमानी रङ्ग'को निर्माण अन्योल देखिएको छ । छायांकन सुरु नहुँदै टिमभित्र ठूलो उथलपुथल आएको छ । निर्मातासँग मतभेदपछि निर्देशक अनिल योञ्जन फिल्मबाट अलग भएका छन् । उनले मंगलबार फेसबुक स्टाटसमार्फत फिल्मको गुणस्तरमा असर पर्ने देखेपछि आफू बाहिरिएको जनाएका छन् ।

यसअघि 'डायरी' निर्देशन गरेका योञ्जन लेख्छन्, 'धेरै विचार पछि मैले 'रुमानी रङ्ग'बाट निर्देशकको रुपमा आफ्नो नाम फिर्ता लिने निर्णय गरें । मैले आधिकारिक रुपमा यो परियोजनाबाट २ जुनमा नै राजीनामा दिएको थिएँ ।' आफ्नो राम्रो प्रयास र प्रतिबद्धताका बाबजूद फिल्मको प्रगतिमा प्रभाव पार्ने आधारभूत समस्याहरु देखिएपछि निर्देशनबाट आफ्नै इच्छाले अलगिएको उनी बताउँछन् ।

निर्माण टिमको संलग्नता, चासो र सङ्गठनात्मक प्रभावकारिताको अभावले समस्या उत्पन्न भएको जनाउँदै उनी अगाडि लेख्छन्, 'यी समस्याले ढिलाइ निम्त्याएको थियो र फिल्मको गुणस्तर र सम्भावित सफलतामा असर पर्ने देखेपछि राजीनामा दिएको हो,' उनले भनेका छन् । निर्माताले नयाँ निर्देशक खोज्न समय मागेकाले आफू बाहिरिएको जानकारी पहिल्यै दिन नसकेको उनको भनाई छ । फिल्मबाट अनिल बाहिरिए पछि निर्माताले नयाँ निर्देशक खोजिरहेको जानकारी प्राप्त छ । फिल्मको ९० प्रतिशत अस्ट्रेलियामा र १० प्रतिशत नेपालमा छायांकन हुने जनाइएको थियो । फिल्मको प्रस्तुतकर्ता जिएम ठकुरी तथा निर्माता हरि मल्ल ठकुरी हुन् । सुशील थापा, सृजन बस्नेत, सन्तोष सरु र विजय अधिकारी भने सह-निर्मातामा छन् । साम्राज्ञी र धीरज यही फिल्म पर्खेर बसिरहेका छन् ।

# पूजाको अडान: 'बरु आफैं फिल्म बनाउँछु तर काम माग्दिनँ'



काठमाडौं/अभिनेत्री पूजा शर्माले टेकेको धरातल फिल्म 'प्रेमगीत'ले बनाएको हो । यसले उनको करिअरको रुपरेखा नै बदल्यो । अहिले उनी 'स्टार' कहलिएकी छन् । युवापुस्तामा राम्रो क्रेज छ । लभस्टोरी फिल्ममा रुचाइएकी छन् । यसरी हेर्दा पूजाको करिअर सफल नै देखिन्छ । तर, उनले चरित्रमा भने विविधता पस्किन सकेकी थिइनन् । 'प्रेमगीत'बाट जुन छवि बन्यो, उनी त्यसमै रमाउँदै आइन् ।

अब भने पूजाले चरित्रमा विविधता खोज्ने प्रयास गरेकी छन् । यसको श्रीगणेश फिल्म 'दान्भी'बाट भएको छ । यही शुक्रबार (असार ७ गते)बाट प्रदर्शनमा आउन लागेको यो फिल्ममा उनी एक्सन भूमिकामा देखिँदैछिन् । 'लभर गर्ल'को छवि मेट्ने उनका लागि यो राम्रो अवसर हो । तर, यसका लागि उनले एक्सनमा भने आफूलाई अब्बल प्रमाणित गर्नुपर्नेछ । यो उनका लागि ठूलो चुनौती हो ।

'दान्भी'मा पूजाले मेशिनगन समेत चलाएकी छन् । तर, उनले मेशिनगन बोकेको पोस्टर सार्वजनिक भएपछि धेरैले खिसिटिउरी गरे । मेशिनगन बोक्दाको 'एक्सप्रेसन' र 'मुमेन्ट' नै नभएको भन्दै उनको ट्रोल बनाइयो । तर, उनलाई लाग्छ, एउटा केटीले मेशिनगन बोकेकाले यसरी आलोचना भएको हो । त्यही मेशिनगन कुनै हिरोले बोकेको भए सबैबाट वाहवाही हुन्थ्यो भन्ने पूजाको बुझाई छ ।

'मैले बोकेको मेशिनगन कुनै हिरोले बोकेको भए एकदमै तारिफ हुन्थ्यो । तर, एउटा केटीले गरेकाले गन बोक्दाको 'एक्सप्रेसन' नै भएन भनेर आलोचना गरियो । मैले गन बोकेको छु भने त्योसँग म डराउने होइन नि त । अरुलाई हानिरहेको छु भने गनसँग सहज पो हुने हो त,' उनले भनिन् । आफूलाई आलोचना सहने बानी परिसकेकाले यसको मतलब लाग्न नै छाडिसकेको उनको भनाई छ ।

'दान्भी' गरेपछि पूजालाई एक्सन फिल्मको प्रस्ताव बढी आइरहेको छ । तर, उनी यो फिल्मको नतिजापछि मात्र निर्णय लिने सोचमा देखिन्छिन् । उनले खोजेको नतिजा चाहिँ एक्सनमा गरेको प्रयासको प्रशंसा हो । उनी भन्छिन्, 'मैले गरेको प्रयास रुचाइयोस् भन्ने चाहेको हुँ । निर्माता सुरक्षित हुन् भन्ने त भइहाल्छ । तर, केटीले यतिसम्म पनि एक्सन गरेछ भनेर प्रशंसा भयो भने म खुसी हुन्छु ।'

एक्सनमा पूजाको प्रेरणाको स्रोत भने अभिनेत्री रेखा थापा हुन् । रेखाको एक्सनबाट उनी निकै प्रभावित छिन् । तर, 'दान्भी' गरेपछि उनले एउटा कुरा भने राम्रैसँग बुझेकी छन्, एक्सन फिल्ममा जति दुःख अरु कुनैमा हुँदैन । तर, काम गर्न मज्जा पनि यसैमा रहेको उनको अनुभव छ । 'दान्भी'मा रिक्स मोलेर काम गरेको बताउने पूजा दर्शकलाई एक्सनमा फरकपन महसुस हुनेमा विश्वस्त छिन् ।

'प्रेमगीत'पछि उनलाई फिल्मको अभाव भएको छैन । फिल्ममा उनको राम्रो माग देखिन्छ । तर, करिअर जस्तोसुकै भए पनि मागेर चाहिँ काम नगर्ने उनको अडान छ । 'मलाई फिल्म क्षेत्रमा हात समातेर हिँडाउने कोही छैन । म एक्लै लडेर हिँडिरहेको छु,' उनी भन्छिन्, 'अहिलेसम्म म कसैसँग फिल्म माग्न गएको छैन । बरु मलाई के हिम्मत छ भने आफैं फिल्म बनाउँछु, तर काम माग्दिनँ ।'

# बैंकिङ प्रणालीबाट ५० अर्ब खिच्दै राष्ट्र बैंक




काठमाडौं/बजारमा अधिक तरलता भएपछि नेपाल राष्ट्र बैंकले बैंकिङ प्रणालीबाट ५० अर्ब तरलता खिच्ने भएको छ । आर्थिक वर्षको अन्तिममा सरकारले बढाएका खर्चसँगै निक्षेप लगातार बढ्ने तर, कर्जा विस्तार नहुँदा बैंकहरू अधिक तरलताको दबाबमा छन् ।

अधिक तरलताको दबाब हुँदा राष्ट्र बैंकले विभिन्न औजार मार्फत तरलतना खिचिरहेको छ । सातामा २ पटक स्थायी निक्षेप सुविधाको व्यवस्था गर्दा पनि अन्तर बैंक ब्याजदर करिडोरको सीमाभित्र राख्न समस्या भएपनि निक्षेप संकलन उपकरण मार्फत पनि तरलता खिचिरहेको छ ।

बिहीबार पनि निक्षेप संकलन उपकरण मार्फत ५० अर्ब तरलता खिच्ने भएको हो । नेपाल राष्ट्र बैंकको ५ असारसम्मको तथ्यांकअनुसार बैंकिङ प्रणालीबाट खिचेको अधिक तरलता राष्ट्र बैंकसँग १ खर्ब ८३ अर्ब ७० करोड छ ।

# क्रोएसिया र अल्वानियाको रोमाञ्चक बराबरी



काठमाडौं/युरो २०२४ अन्तर्गत बुधबार भएको समूह बी को खेलमा क्रोएसिया र अल्वानियाले २-२ को रोमाञ्चक बराबरी खेलेका छन् । ह्याम्वर्गमा भएको खेलमा दुवै टोलीले अग्रता लिएपनि कायम राख्न सकेनन् ।

अल्वानियाले लगातार दोस्रो खेलमा सुरुवाती अग्रता लिएपनि जोगाउन सकेन । यसअघि इटली विरुद्ध अग्रता लिएर पनि अल्वानिया पराजित भएको थियो । दोस्रो खेलमा पनि त्यस्तै अवस्थामा पुगेको अल्वानियाले इन्जुरी टाइमको अन्तिममा गोल गर्दै क्रोएसियासँग बराबरी खेल्दै अंक जोडेको हो ।

बराबरीपछि दुवै टोलीले १-१ अंक जोडेका छन् । यसअघि पहिलो खेलमा अल्वानिया इटलीसँग २-१ ले तथा क्रोएसिया स्पेनसँग ३-० ले पराजित भएका थिए ।

खेलको ११ औं मिनेटमा क्वासिम लासीले गोल गर्दै अल्वानियालाई अग्रता दिलाएका थिए । तर अन्तिम २० मिनेटको खेल रोमाञ्चक बन्दा तीन गोल भयो ।

७४ औं मिनेटमा क्रोएसियाका आन्द्रे क्रामारिकले बराबरी गोल फर्काए । यस्तै ७६औं मिनेटमा अल्वानियाकै क्लाउस गासुलाल आत्मघाती गोल गर्दा क्रोएसियाले २-१ को अग्रता लिएको थियो ।

तर उनै गासालुले इन्जुरी टाइमको पाँचौ मिनेटमा गोल गर्दै खेल बराबरी गरे । भिलेनबाट नायक बन्दै गासालुले अल्वानियालाई हारबाट जोगाए । अब अल्वानियाले स्पेन र क्रोएसियाले इटलीसँग खेल्नेछ ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

एसईईमा नयाँ लेटर ग्रेडिङ :

# धेरै विद्यार्थी अनुत्तीर्ण हुने डर



काठमाडौं, ५ असार/ राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसईई २०८०) को नतिजा असार दोस्रो हप्ताभित्र सार्वजनिक गर्ने तयारी गरेको छ ।

बोर्डका अनुसार यस वर्षदेखि लेटर ग्रेडिङ निर्देशिका, २०७८ अनुसार नतिजा सार्वजनिक हुनेछ, जसमा सैद्धान्तिक र आन्तरिकको मूल्याङ्कन फरक-फरक रुपमा गर्ने व्यवस्था छ ।

विद्यार्थीले सैद्धान्तिकतर्फ हरेक विषयमा न्यूनतम ३५ प्रतिशत अंक ल्याउनुपर्छ । ७५ अंकको सैद्धान्तिक परीक्षा हुने विषयमा न्यूनतम २६.२५ अंक ल्याउनुपर्छ । त्यसमा आन्तरिकतर्फ २५ पूर्णांकको परीक्षामा भने ४० प्रतिशत अर्थात् १० अंक ल्याउनुपर्छ । लेटर ग्रेडिङ निर्देशिका अनुसार सैद्धान्तिक र आन्तरिकतर्फ प्राप्त अंकलाई ग्रेडमा रुपान्तरण गरिनेछ ।

तर विद्यार्थीले सैद्धान्तिक तर्फ ७५ पूर्णांकको परीक्षा हुने विषयमा ३५ प्रतिशत अर्थात् २६.२५ अंक पाएको छैन भने प्रमाणपत्रमा एनजी (नन ग्रेडेड) उल्लेख हुनेछ । र, ग्रेड वृद्धि परीक्षा नदिई कक्षा ११ मा पढ्न पाउने छैनन् ।

साथै कुनै एक विषयमा आन्तरिकतर्फ १० र सैद्धान्तिकतर्फ न्यूनतम २६.२५ अंक ल्याएको छैन भने मूल प्रमाणपत्र नै नपाउने निर्देशिकामा व्यवस्था छ । यद्यपि दुई विषयमा ग्रेड वृद्धि परीक्षा दिन पाउनेछन् ।

दुईभन्दा बढी विषयमा न्यूनमत ३५ प्रतिशत अंक नपाएका र ग्रेड वृद्धि परीक्षा दिंदा पनि ३५ प्रतिशत अंक ल्याउन नसकेका परीक्षार्थीले अर्को वर्ष सबै विषयको परीक्षा दिनुपर्नेछ ।

जबकि पुरानो ग्रेडिङ प्रणालीमा चाहिं सैद्धान्तिक र प्रयोगात्मक परीक्षामा पाएको अंक्लाई जोडिन्थ्यो र ईसम्म ग्रेड निर्धारण गरेर विद्यार्थीलाई प्रमाणपत्र दिइन्थ्यो ।

सैद्धान्तिक विषयतर्फ सी (३२ अंक) वा त्यसभन्दा तल्लो ग्रेड प्राप्त गरेका परीक्षार्थीले चाहेमा ग्रेड वृद्धिको परीक्षा दिन पाउँछन् । तर उनीहरुले ल्याउने अंकको आधारमा के विषय पढ्न पाउने र के नपाउने भन्ने सरकारले तोकिदिएको थियो ।

ग्रेडिङ (अक्षरांकन) प्रणालीले सिकाइको गुणस्तर खस्किएको आवाज उठेपछि सरकारले विद्यालय शिक्षामा अक्षराङ्कन पद्धति सम्बन्धी अध्ययन गर्न कार्यदल गठन गरेको थियो । कार्यदलको सुझावका आधारमा विद्यालय तहमा उत्तीर्ण हुन सैद्धान्तिकतर्फ हरेक विषयमा न्यूनतम ३५ प्रतिशत अंक ल्याउनुपर्ने व्यवस्था गरिएको छ ।

**उत्तीर्ण हुनेको संख्या घट्ने जोखिम**

नयाँ निर्देशिका लागू भएसँगै यो वर्ष एसईईमा अनुत्तीर्ण हुने विद्यार्थीको संख्या बढ्ने अनुमान गरिएको छ । यो वर्ष नगरस्तरीय परीक्षा (कक्षा ८) को नतिजाले पनि यो अनुमान गर्न मद्दत गरेको हो ।

लेटर ग्रेडिङ निर्देशिकामा कक्षा ८, १० र १२ मा सबै विषयको सैद्धान्तिक र आन्तरिक परीक्षामा फरक फरक मूल्यांकन गर्ने व्यवस्था गरिएको थियो, जसमा सैद्धान्तिकतर्फ पूर्णांकको ३५ प्रतिशत र आन्तरिक तर्फ पूर्णांकको ४० प्रतिशत आए उत्तीर्ण मानिने व्यवस्था गरिएको थियो । यसले कक्षा ८ को नतिजा कमजोर देखियो ।

विश्व निकेतन मावि काठमाडौंका प्रधानाध्यापक हेरम्बराज कँडेल यस वर्षको नतिजामा धेरै अन्तर आउने अनुमान गर्छन् । उनले भने, 'पहिलो थ्योरी (सैद्धान्तिक) र प्राक्टिकल (प्रयोगात्मक) को जोड्दा उत्तीर्ण हुनेथियो, अब थ्योरीमै पूर्णांकको ३५ प्रतिशत ल्याउनुपर्ने भएकोले एनजीको संख्या धेरै हुने मेरो बुझाइ छ ।'

यद्यपि यस्तो 'कट अफ पोइन्ट' राख्दा विद्यार्थीमा पढ्ने बानी विकास हुने उनको विश्वास छ । 'पहिला थ्योरीमा ६ आए पनि प्राक्टिकलमा २५ ल्याएपछि ३१ हुने र डी ग्रेड भएपछि पढ्न पाउने थिए । तर क्षमता चाहिं नहुने अवस्था थियो', उनले भने, 'तर अब फेल नै हुने भएपछि विद्यार्थी गम्भीर भएर पढ्छन् ।' परीक्षा नियन्त्रक नन्दलाल पौडेल पनि अनुत्तीर्ण हुनेको संख्या बढी हुने जोखिम रहेको स्वीकार गर्छन् ।

'पहिला सैद्धान्तिकमा १० ल्याएपनि प्रयोगात्मकमा पाउने २५ अंक जोड्दा पास हुन्थे, अब त सैद्धान्तिकमा ३५ प्रतिशत अंक नै ल्याउनुपर्ने नतिजा कमजोर हुन्छ', उनी भन्छन् 'तर भोलि पढ्ने संस्कारको विकास होला भन्ने आश हो ।'

शिक्षाविद् मीनाक्षी दाहाल भने यो वर्षको नतिजामा फेल हुनेको संख्या अत्यधिक हुने मात्र होइन, जम्मा अंक धेरै ल्याउने र फेल हुनेबीच ठूलो खाडल देखिने अनुमान गर्छिन् । उनी भन्छिन्, 'सैद्धान्तिकमा ३५ देखि ४० प्रतिशत अंक ल्याए विद्यालयले दिने प्रयोगात्मक अंक शतप्रतिशत दिंदा उनीहरुको जम्मा अंक धेरै हुन जान्छ ।' जबकि पुरानो ग्रेडिङ प्रणालीमा मध्यम नतिजा निकाल्ने विद्यार्थीको संख्या धेरै हुने गरेको थियो ।

विद्यार्थीले विद्यालयबाट के सिकेर निस्कन्छन् अथवा हामीले सिकाउन लागेकोभन्दा पनि विद्यार्थीले कुन ग्रेडमा पास गरे भन्नेलाई प्राथमिकता दिएर तयार भएको प्रणालीले समस्याको समाधान नहुने दाहाल तर्क गर्छिन् ।

*(स्रोत: अनलाइनखबर)*

# प्रदेशसभा बैठक आज बस्दै, बजेमा छलफल हुने

साझाकुरा संवाददाता


हेटौंडा, ५ असार/ बागमती प्रदेशसभाको असार ६ गते बिहीबार बिहान ११:०० बजे बस्ने भएको छ ।

बैठकमा प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को विनियोजित बजेट माथि छलफल प्रारम्भ हुने प्रदेशसभा सचिवालयले जनाएको छ ।

बैठकमा प्रदेशको आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले गत असार १ गते प्रदेशसभामा प्रस्तुत गरेको प्रदेश सरकारको आ.व. २०८१/८२ को वजेट वक्तव्यको प्रतीक र विभिन्न मन्त्रालयको वजेट शीर्षकमा छलफल प्रारम्भ भई असार ८ गतेभित्र वजेटलाई पारित गर्ने कार्यसूची रहेको प्रदेशसभा सचिवालयका प्रमुखसचिव कृष्णहरि खड्काले जानकारी दिएका छन् ।

गत असार १ गते साँझमा बजेटको प्रस्तुतीकरण सकिएपछि प्रदेशसभा सभामुख भुवनकुमार पाठकले असार ६ गतेसम्मको लागि बैठक स्थगित गरेका थिए । प्रदेशसभाका सदस्यहरुले बजेटमाथि छलफल गरी पारित गरिने छ ।

# ११ महिनामा प्राइम र नबिलको व्यवसाय आक्रामक, सम्हालिँदै प्रभु




काठमाडौं, ५ असार/ चालु आर्थिक वर्ष २०८०/८१ को ११ महिनामा वाणिज्य बैंकहरूले ४ खर्ब ५२ अर्ब रुपैयाँ निक्षेप संकलन गर्दा २ खर्ब २४ अर्ब मात्रै कर्जा प्रवाह गरेका छन् । नेपाल राष्ट्र बैंक्ले चालु आवका लागि सार्वजनिक गरेको मौद्रिक नीतिमार्फत निजी विस्तृत मुद्राप्रदाय १२.५ प्रतिशत र निजी क्षेत्रमा प्रवाह हुने कर्जा ११.५ प्रतिशतले विस्तार हुने अनुमान गरेको थियो ।

आव सकिन एक महिना बाँकी हुँदा मौद्रिक नीति लक्ष्यभन्दा आधा पनि कर्जा विस्तार हुन सकेको छैन । २०८० असार मसान्तमा बैंक तथा वित्तीय संस्थाको कुल कर्जा लगानी ४८ खर्ब ७८ अर्ब थियो । ३२ जेठ २०७९ मा ५१ खर्ब ३२ अर्ब पुगेको राष्ट्र बैंक सहायक प्रवक्ता डिल्लीराम पोखरेलले बताए । मौद्रिक नीतिले ११.५ प्रतिशतको कर्जा विस्तार लक्ष्य लिए पनि आव सकिन एक महिना मात्रै बाँकी हुँदा कुल कर्जा विस्तार ५.२१ प्रतिशत मात्रै छ ।

मौद्रिक नीति लक्ष्य अनुसार कर्जा विस्तार हुँदा चालु आव करिब ५ खर्ब ६७ अर्ब कर्जा विस्तार हुनुपर्ने थियो । तर, जेठसम्म २ खर्ब ५४ अर्बले मात्रै बढेको हो । जसमध्ये वाणिज्य बैंकहरूले २ खर्ब २४ अर्बले कर्जा विस्तार गरेका छन् । २०८० असार मसान्तमा ४३ खर्ब १८ अर्ब रहेको वाणिज्य बैंकहरूको कुल कर्जा लगानी २०८१ जेठ मसान्तमा ४५ खर्ब ४२ अर्ब पुगेको छ । मौद्रिक नीति लक्ष्य अनुसार कर्जा विस्तार हुन नसके पनि निक्षेप वृद्धिदर भने उच्च देखिन्छ । यस्तै २०८० असारमा स्थानीय तहको सञ्चित कोषको ८० प्रतिशत निक्षेप गणना भइरहेको थियो । तर, वैशाखदेखि त्यसलाई निक्षेप गणना गर्न नपाइने व्यवस्था हुँदा गत असार मा बैंकहरूले निक्षेप गणना गरिरहेको १ खर्ब स्रोत चालु आवबाट निक्षेपमा गणना गर्न नपाइने व्यवस्था भयो ।

यति हुँदा पनि चालु आव बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप ४ खर्ब ७० अर्बले वृद्धि भएको छ । गत असार मसान्तमा ५७ खर्ब ७१ अर्ब रहेको कुल निक्षेप जेठ मसान्तमा आउँदा ६२ खर्ब ४१ अर्ब पुगेको राष्ट्र बैंकले जनाएको छ । ४ खर्ब ७० अर्ब निक्षेप बढ्दा वाणिज्य बैंकहरूको मात्रै ४ खर्ब ५२ अर्ब बढेको छ । २०८० असार मसान्तमा कुल निक्षेपमध्ये वाणिज्य बैंकहरूको निक्षेप ५० खर्ब ८६ अर्ब थियो । २०८१ जेठ मसान्त आउँदा ५५ खर्ब ३८ अर्ब पुगेको छ ।

**नबिलले मात्रै बढायो आधा खर्ब कर्जा**

वाणिज्य बैंकहरूले सवा २ खर्ब कर्जा विस्तार गर्दा नबिलले मात्रै करिब आधा खर्बले कर्जा बढाएको छ । बैंकहरूमा पूँजीकोषमा देखिएको दबाव, अर्थतन्त्रमा देखिएको शिथिलताले कर्जा माग न्यून छ । कमजोर आर्थिक गतिविधिले कर्जा माग न्यून हुँदा पनि नबिल बैंक र प्राइम कमर्सियल बैंक भने कर्जा विस्तारमा आक्रामक देखिएका छन् । गत असार मसान्तमा ३ खर्ब ४१ अर्ब कर्जा रहेको नबिलको चालु आव ११ महिनामा ४७ अर्ब ९१ करोडले बढेर ३ खर्ब ८९ अर्ब पुगेको छ ।

बैंकिङ प्रणालीको कर्जा विस्तार ५ प्रतिशतमा सीमित हुँदा नबिलले भने १४ प्रतिशतले बढाएको छ । नबिलभन्दा कर्जा विस्तारमा आक्रामक प्राइम बैंक देखिन्छ । गत असारमा १ खर्ब ६३ अर्ब मात्रै रहेको प्राइमको कुल कर्जा जेठ मसान्तमा १८.२३ प्रतिशतले बढेर १ खर्ब ९३ अर्ब पुगेको हो ।

उसको कर्जा ११ महिनामा ३० अर्बले बढेको छ । यस्तै एभरेस्ट बैंकको कर्जा १०.५६ प्रतिशतले बढेर १ खर्ब ८५ अर्ब ८८ करोड पुग्दा, कृषि विकास बैंकको १०.०८ प्रतिशतले बढेर २ खर्ब २ अर्ब र नेपाल बैंकको १०.०६ प्रतिशतले बढेर २ खर्ब ५ अर्ब पुगेको छ । यस्तै सिटिजन्स बैंकले पनि कर्जा ९.२७ प्रतिशतले बढाएर १ खर्ब ५७ अर्ब पुऱ्याएको छ । स्ट्यान्डर्ड चार्टर्ड बैंकसहित प्रभु बैंक र लक्ष्मी सनराइज बैंकको कर्जा भने गत असारको तुलनामा घटेको छ ।

स्ट्यान्डर्ड चार्टर्डको कर्जा ९५ अर्बबाट ७.३२ प्रतिशतले घटेर ८८ अर्बमा झरेको हो । त्यस्तै प्रभुको कर्जा २.२३ प्रतिशतले घटेर २ खर्ब ३७ अर्बमा आउँदा लक्ष्मी सनराइजको कर्जा ०.२३ प्रतिशतले घटेर २ खर्ब ५७ अर्बमा झरेको छ । जेठ मसान्तमा ग्लोबल आईएमई बैंकको सबैभन्दा धेरै ३ खर्ब ९० अर्ब कर्जा लगानी छ ।

**राष्ट्रिय वाणिज्य बैंकको निक्षेप ८२ अर्ब बढ्यो**

चालु आव ११ महिनामा राष्ट्रिय वाणिज्य बैंकले मात्रै ८१ अर्ब ६५ करोडले निक्षेप बढाएको छ । गत असार मसान्तमा ३ खर्ब २३ अर्ब रहेको उसको कुल निक्षेप २५.२८ प्रतिशतले बढेर ४ खर्ब ५ अर्ब पुगेको हो । यस्तै ग्लोबल आईएमई र नबिलले पनि निक्षेप ५० अर्बभन्दा धेरैले बढाएका छन् । ग्लोबल आईएमईको निक्षेप गत असारमा ४ खर्ब ३९ अर्ब रहेकोमा ५४ अर्ब ६३ करोडले बढेर ४ खर्ब ९४ अर्ब पुगेको छ । उसको निक्षेप १२.४३ प्रतिशतले बढेको हो ।

नबिलको निक्षेप गत असारमा ४ खर्ब २ अर्ब ६४ करोड रहेकोमा जेठ मसान्तमा ५२ खर्ब ८९ अर्बले बढेर ४ खर्ब ५६ अर्ब पुगेको छ । नबिलले १३.१४ प्रतिशतले निक्षेप बढाएको छ । यस्तै नेपाल इन्भेस्टमेन्ट मेगा बैंकको निक्षेप पनि १०.५२ प्रतिशतले बढेर ३ खर्ब ९७ अर्ब पुगेको हो । प्राइमको निक्षेप १७.७४ प्रतिशत, नेपाल एसबीआई १५.२५, कृषि विकास १४.४९, एभरेस्ट १३.९३ र नेपाल बैंकको निक्षेप ११.६८ प्रतिशतले बढेको हो ।

स्ट्यान्डर्ड चार्टर्ड, माछापुच्छ्रे र प्रभुले भने निक्षेप घटाएका छन् । स्ट्यान्डर्ड चार्टर्डको निक्षेप ६.०५ प्रतिशतले घटेर १ खर्ब १५ अर्बमा झरेको छ । अधिक तरलता र कर्जा लगानी गर्न नसकेको अवधिमा बैंकले ब्याजर घटाएको थियो भने निक्षेप समेत घट्दा लागत कम भएको छ । यस्तै पूँजीकोषको समस्या भएका माछापुच्छ्रे र प्रभले व्यवसाय बढाउन सकेका छैनन् । बैंकहरूको निक्षेप पनि घटेको छ । माछापुच्छ्रेको निक्षेप ५.४३ प्रतिशतले घटेर १ खर्ब ५० अर्बमा झरेको छ । त्यस्तै प्रभुको निक्षेप ४ प्रतिशतले घटेर २ खर्ब ८४ अर्बमा झरेको हो ।

निक्षेपमा उच्च वृद्धि र कर्जा लगानी हुन नसक्दा सीडी रेसियो पनि घट्दै गएको छ । जेठ मसान्तमा वाणिज्य बैंकहरूको औसत सीडी रेसियो ८०.४२ प्रतिशतमा झरेको छ । बैंकहरूले अधिक तरलता भएर राष्ट्र बैंकमा सस्तोमा निक्षेप राख्नुपर्ने अवस्था छ भने सरकारी ऋणपत्रमा पनि लागतभन्दा कम ब्याजदरमा लगानी गरिरहेका छन् ।

अधिक तरलता भएर सीडी रेसियो कम भएका बैंकहरूलाई लागत व्यवस्थापन गर्न समेत चुनौती हुन्छ । उच्च निक्षेप बढे पनि कर्जा बढ्न नसक्दा पूर्ण सरकारी स्वामित्वको राष्ट्रिय वाणिज्य बैंकको सीडी रेसियो ६४.०६ प्रतिशतमा झरेको छ । राष्ट्र बैंकले तरलताका कारण बैंकिङ संकट नआओस् भन्दै बैंकहरूले न्यूनतम २० प्रतिशत तरल सम्पत्ति कायम गर्नुपर्ने र कर्जा-निक्षेप अनुपात (सीडी रेसियो) अधिकतम ९० प्रतिशत कायम गर्नुपर्ने व्यवस्था गरेको छ । तर, बैंकिङ प्रणाली भने त्यसभन्दा धेरै सहज अवस्थामा छ ।

करिब साढे ६२ खर्बको कुल निक्षेप रहेको बैंकिङ प्रणालीमा २०८० जेठ मसान्तको औसत सीडी रेसियो करिब ८० प्रतिशत छ । यसका आधारमा बैंकिङ प्रालीमा ६ खर्बभन्दा धेरै लगानीयोग्य स्रोत रहेको देखिन्छ । गत असारसम्म पूँजीकोष प्रयोजनका लागि जारी ऋणपत्रको शतप्रतिशत सीडी गणना गर्दा स्रोतमा गणना गर्न सक्ने व्यवस्था रहे पनि पुसबाट ५० प्रतिशत मात्रै सीडी रेसियोमा गणना गर्न सक्ने व्यवस्था भयो ।

यस्तै स्थानीय तहको सञ्चित कोषको ८० प्रतिशत निक्षेप गणना गर्न पाइनेमा बैंकहरूले ६० प्रतिशत हुँदै चैत अन्तिम साताबाट निक्षेपमा गणना गर्न नपाउने व्यवस्था भयो । जसले सीडी रेसियोमा स्रोतमा गणना भइरहेको करिब डेढ खर्ब स्रोतबाट हटाउँदा समेत बैंकिङ प्रणालीमा ६ खर्बभन्दा धेरै लगानीयोग्य स्रोत छ । तर, कर्जामा माग नभएर सीडी रेसियो तल आउँदा निक्षेपको लागत बढ्ने तर ब्याज आम्दानी सोही अनुसार बढ्न नसक्दा बैंकहरूको आम्दानी पनि प्रभावित हुन्छ ।

जेठमा राष्ट्रिय वाणिज्यपछि नेपाल एसबीआईको सीडी रेसियो ७४.०४ प्रतिशत छ । ८० प्रतिशभन्दा तल सीडी रेसियो हुने बैंकमा नेपाल बैंक ७४.३५, ग्लोबल आईएमई ७६.०९, स्ट्यान्डर्ड चार्टर्ड ७६.५२ र लक्ष्मी सनराइजको ७८.३९ प्रतिशत छ । यता सबैभन्दा धेरै सीडी रेसियो भने प्राइमको छ । उसको सीडी रेसियो ८७.०४ प्रतिशत छ । बैंकसँग कर्जा विस्तार गर्नेधेरै स्पेस छैन । त्यस्तै एनएमबीको ८५.८४ प्रतिशत र माछापुच्छ्रेको ८५.०५ प्रतिशत सीडी रेसियो छ ।

*(स्रोत: अनलाइनखबर)*

# धितोपत्र बोर्ड अध्यक्ष नियुक्तिमा चलखेल, अन्तर्वार्तामा झेल



काठमाडौं, ५ असार/ सरकारको सहसचिव स्तरले नेतृत्व गर्ने नेपाल धितोपत्र बोर्ड अध्यक्ष नियुक्तिमा प्रधानमन्त्रीदेखि ठूला दलका सभापतिसम्मको स्वार्थको लडाइँले यसको सम्पूर्ण प्रक्रिया अन्योलमा परेको छ ।

प्रधानमन्त्री एवम् नेकपा माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेपाली कांग्रेस सभापति शेरबहादुर देउवा र नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीकै स्वार्थ टकराएपछि धितोपत्र बोर्ड अध्यक्ष नियुक्ति सम्बन्धी सबै प्रक्रिया नै अन्योलमा परेको हो । बोर्ड अध्यक्ष नियुक्तिमा शीर्ष राजनीतिक नेतृत्व नै चलखेलमा लागेपछि त्यसको प्रत्यक्ष प्रभाव 'सर्टलिस्ट' मा परेका उम्मेदवारको अन्तर्वार्तामा परेको हो ।

उच्च राजनीतिक स्रोतका अनुसार एमाले अध्यक्ष ओली र कांग्रेस सभापति देउवा बोर्ड अध्यक्षका प्रतिस्पर्धीमध्ये सन्तोषनारायण श्रेष्ठलाई नियुक्ति दिलाउन चाहन्छन् । त्यो नभएर मुक्ति श्रेष्ठलाई भए पनि अध्यक्ष बनाउने उनीहरूको चाहना भएको स्रोतले बतायो । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मिनबहादुर श्रेष्ठ नेतृत्वको सिफारिस समितिमा गएर आवेदकहरूले आइतबार नै अन्तर्वार्ता दिइसकेका छन् ।

प्रधानमन्त्री प्रचण्ड र अर्थमन्त्री वर्षमान पुनका उम्मेदवार भने चीरञ्जीवी चापागाईं रहेको विश्वस्त स्रोतको भनाइ छ । त्यसो नभए हाल नेपाल स्टक एक्सचेन्ज (नेप्से) का प्रमुख कार्यकारी अधिकृत (सीईओ) रहेका कृष्णबहादुर कार्कीलाई अध्यक्ष बनाउने उनीहरूको मनसाय छ ।

तर, एमाले अध्यक्ष ओलीले 'सन्तोषनारायण श्रेष्ठलाई कुनै पनि हालतमा अध्यक्ष बनाउनुपर्छ' भनेर दबाब दिएपछि प्रधानमन्त्री दाहाल र अर्थमन्त्री पुनले त्यसप्रति मुखले समर्थन जनाए पनि व्यवहारमा भने तीन जना उम्मेदवारलाई अन्तर्वार्तामै सहभागी नहुन उक्साएको स्रोतको दाबी छ ।

त्यही भएर माओवादी निकट भनेर चिनिएका चापागाईं, कार्की र धितोपत्र बोर्डका कार्यकारी निर्देशक नवराज अधिकारी सिफारिस समितिले अन्तर्वार्तामा दोस्रोपटक बोलाउँदा पनि नगएको स्रोतको भनाइ छ ।

'अन्तर्वार्तामा नजाने तीन जनामध्ये कार्की र अधिकारी अहिले पनि सरकारी कर्मचारी हुन्, अर्थ मन्त्रालयले बोलाएको अन्तर्वार्ता नै अवज्ञा गर्ने हिम्मत उनीहरूले कसरी गरे ?,' उच्च राजनीतिक स्रोतले भन्यो, 'प्रधानमन्त्री र अर्थमन्त्रीले काँध नथापी उनीहरूले यो हिम्मत गरेका होइनन् ।'

बुधबार दोस्रोपटक बोलाएको अन्तर्वार्तामा पनि उनीह तीन जना अनुपस्थित भएपछि सिफारिस समितिले अब कसरी अगाडि बढ्ने भनेर महान्यायाधिवक्ताको राय माग गर्ने निर्णय गरेको छ । तर, धितोपत्र सम्बन्धी ऐनमा सिफारिस समितिले कम्तीमा तीन जनाको नाम अध्यक्ष नियुक्तिका लागि मन्त्रिपरिषद्मा पेस गर्नुपर्ने व्यवस्था छ ।

सिफारिस समितिले बोलाएको अन्तर्वार्तामा दुईजना मात्रै उपस्थित भएपछि तीन जनाको नाम सिफारिस गर्नै नसक्ने अवस्था सिर्जना भयो । यस्तो अवस्थामा अध्यक्ष नियुक्ति प्रक्रिया नै स्थगित हुने करिब निश्चित जस्तै छ । 'एमाले अध्यक्ष ओलीको दबाबलाई नाइँ भन्न नसकेपछि बरु यो प्रक्रिया नै रद्द गराउने दिशामा प्रधानमन्त्री दाहाल र अर्थमन्त्री पुन पुगेका हुन्,' बालुवाटार स्रोतले नै भन्यो ।

नत्र अध्यक्षका लागि आकांक्षा राख्दै आवेदन दिने तर सर्टलिस्टमा परेपछि अन्तर्वार्तामै नजाने गैरजिम्मेवार कार्य गर्दा उनीहरू दण्डित हुन सक्ने सम्भावना हुन्छ । 'कुनै सरकारी कर्मचारीले आफ्नो विवेकले यस्तो जोखिम लिँदैन,' स्रोतले भन्यो ।

बोर्ड अध्यक्ष नियुक्तिका लागि सिफारिस समिति गठनदेखि नै 'फोहोरी राजनीति' मिसिएको आकांक्षी आवेदक तथा राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक डा. गोपाल भट्ट बताउँछन् । कसलाई अध्यक्ष नियुक्त गर्ने भन्ने कुरा पहिले नै तय गरेर विज्ञापन खोलिएको आरोप पनि उनले लगाए ।

**नयाँ स्टक एक्स्चेन्जको लाइसेन्ससँग अध्यक्ष साइनो**

अध्यक्ष नियुक्ति प्रक्रिया नयाँ स्टक एक्स्चेन्जको लाइसेन्स प्रक्रियासँग जोडिएको छ । यसअघि चैत २०७९ मा बोर्डले नयाँ स्टक एक्सचेन्ज सञ्चालनका लागि आवेदन मागेको थियो । तत्कालीन समयमा हिमालयन, नेसनल र अन्नपूर्ण स्टक एक्स्चेन्जले अनुमतिपत्र पाउँ भन्दै आवेदन दिएका थिए ।

हिमालयन स्टक एक्स्चेन्जलाई लाइसेन्स दिलाउन व्यवसायी दीपक भट्ट लगायतले लबिङ गरिरहेका छन् । यो स्टक एक्सचेन्जमा शाहिल तथा सुलभ अग्रवालको शंकर ग्रुप, शेखर गोल्छा, पशुपति मुरारका, भवानी राणा, राजेन्द्र खेतान, सतिश मोर, सौरभ ज्योति लगायतको सेयर छ । भट्ट समूहले अध्यक्षमा नियुक्त गर्न खोजेका व्यक्ति सन्तोषनारायण श्रेष्ठ हुन् । उनलाई अध्यक्ष बनाउन ओली र देउवाको मत मिलेको छ ।

अर्कोतिर, नेसनल स्टक एक्सचेन्जमा गैरआवासीय नेपाली संघ (एनआरएन) का पूर्वअध्यक्षहरू डा. उपेन्द्र महतो, जीवा लामिछाने र कुल आचार्य, नेपाल उद्योग वाणिज्य महासंघ अध्यक्ष चन्द्र ढकाल लगायत समूहको लगानी छ ।

यो समूहले अध्यक्षका आकांक्षी चीरञ्जीवी चापागाईंलाई अघि सारेको छ । चापागाईंलाई अध्यक्ष बनाउन प्रधानमन्त्री दाहाल र अर्थमन्त्री पुनको मत मिलेको राजनीतिक स्रोतको दाबी छ ।

*(स्रोत: अनलाइनखबर)*

# ७२ जिल्लामा फैलियो डेंगु, काठमाडौंमा सबैभन्दा बढी

काठमाडौं, ५ असार/ हिजोआज काठमाडौं उपत्यका र देशका धेरै जिल्लामा डेंगुको संक्रमण बढ्दै गइरहेको छ । सन् २०२४ को सुरू अर्थात गत पुसको मध्यदेखि जुन महिनाको दोस्रो साता अर्थात् हालसम्म १ हजार १७५ जनामा डेंगु संक्रमण पुष्टि भएको छ ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडीसीडी)को पछिल्लो तथ्यांक अनुसार हाल ७२ जिल्लामा डेंगु संक्रमित भेटिएका छन् । मुगु, डोल्पा, हुम्ला, जुम्ला, मुस्ताङ जिल्लामा भने डेंगु भेटिएको छैन । बागमती प्रदेशमा ४०३, कोशीमा २७७, गण्डकीमा १८७, लुम्बिनीमा १३९, सुदूर पश्चिममा ११८, मधेशमा ३४ र कर्णालीमा १७ जनामा डेंगु संक्रमण पुष्टि भएको छ ।

जिल्लागत रूपमा सबैभन्दा धेरै काठमाडौंमा १२२, झापामा १११, चितवनमा ७४, मकवानपुरमा ५८, तनहुँमा ४६ जनामा डेंगु संक्रमित भेटिएका छन् । यीबाहेक अन्य जिल्लामा संक्रमितको संख्या ५० भन्दा कम छ ।

इडीसीडीका अधिकारीहरु अघिल्लो वर्षमा भन्दा अहिले डेंगु फैलिने क्रम तीव्र छ । अगस्ट, सेप्टेम्बर, अक्टोबर महिनामा संक्रमण बढी फैलिने गरेको छ । त्यसकारण यस वर्ष डेंगु फैलिने समय आउन बाँकी नै छ । अघिल्लो वर्ष ७७ वटै जिल्लामा डेंगु फैलिँदा ५२ हजार भन्दा बढी संक्रमित भएका थिए भने २० जनाको मृत्यु भएको थियो ।

दुई दशक अघिसम्म काठमाडौं उपत्यकामा विरलै मात्र लामखुट्टे लाग्थ्यो । पहाडी र हिमाली जिल्लामा कीराहरूबाट सर्ने 'कीटजन्य रोग' सायदै फैलिने गरेको थियो । तर केही वर्षयता तराईका भू-भागमा मात्रै हुने भनिएका रोगहरू पहाड हुँदै हिमाली क्षेत्रसम्मै पुगिसकेका छन् ।

जनस्वास्थ्यविद्का अनुसार डेंगुको प्रकोप फैलिनुमा बढ्दो तापक्रम, जनघनत्व, अव्यवस्थित शहरीकरण, जलवायु परिवर्तन, लामो बर्खा, किटाणुमा कम तापक्रममा बाँच्न सक्ने क्षमताको विकास लगायत कारण हुन् ।

डेंगु लामखुट्टेबाट सर्ने रोग हो । डेंगु एडिस एजेप्टाई र एडिस एल्वैपेक्टस नामक लामखुट्टेले टोकेर हुने तीव्र भाइरल संक्रमण हो । सामान्यतया १५ देखि ३५ डिग्रीको तापक्रममा लामखुट्टेको वृद्धि-विकास हुन्छ । डेंगु भाइरस फैलाउने लामखुट्टेका लागि भने १० देखि ४० डिग्रीसम्मको तापक्रम अनुकुल मानिन्छ ।

कीट विज्ञहरूका अनुसार एउटा लामखुट्टेको सरदर आयु ३० देखि ४० दिनसम्म हुने भए पनि लामखुट्टेले पारेका अण्डा उपयुक्त वातावरण पाउँदा वर्षौंसम्म रहिरहन्छन् । पछि त्यही लार्भा बन्छ । लार्भा सातदेखि १० दिनसम्ममा वयस्क हुन्छ । डेंगु सार्ने लामखुट्टेले प्राय: दिउँसो मात्र टोक्छ । संक्रमित पोथी लामखुट्टेले न्यूनतम पाँच एमएलसम्म पानी जमेको र सफा पानीमा पनि फुल पार्न सक्छ ।

डेंगु नियन्त्रणका लागि सबैभन्दा प्रभावकारी उपाय 'खोज तथा नष्ट अभियान' नै हो । तर त्यसका लागि नागरिक स्वयं नै जिम्मेवार हुनुपर्छ । सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुन लामखुट्टे काठमाडौंमा प्रि-मनसुनबाट नै उल्लेखनीय संख्यामा देखिन थालेको र लामखुट्टेको वृद्धिसँगै डेंगु संक्रमणले पनि व्यापकता पाउने बताउँछन् ।

डेंगु रोक्न लामखुट्टेको जीवन चक्रमा ब्रेक लगाउन अनिवार्य हुने उनको भनाइ छ । 'आगामी दिनमा जटिल डेंगु प्रकोपको प्रक्षेपण गर्दैगर्दा डेंगु संक्रमित र डेंगु पुगेका जिल्लाको संख्या मात्रै गनेर हुँदैन । हरेक गाउँपालिका र नगरपालिकाले तुरुन्तै लार्भा नष्ट अभियानलाई एक्सनमा पनि लैजानुपर्छ', डा. पुनले भने, 'प्रि-मनसुन लामखुट्टे नियन्त्रण गर्ने 'गोल्डेन समय' हो । यदि यहाँबाट पनि हामी चुक्यौं देशभर डेंगु फैलिन्छ ।'

विज्ञका अनुसार डेंगु सार्ने लामखुट्टेले सफा पानी जमेको स्थानमा अण्डा पार्ने गर्छ । विशेषगरी वर्षाको पानी जम्ने ठाउँ, जथाभावी फालेका बोतल, टिनका भाँडा, थोत्रा टायर, अलकत्रा वा खाली ड्रम, गमला, पानी ट्यांकी आदिमा यसले अण्डा पार्छ ।

शहरी क्षेत्रमा यस्ता वस्तुहरू थुप्रै हुने भएकाले पनि शहरमा बढी लामखुट्टे देखिने गर्छन् । डेंगुको कडा दुखाइ कम गर्ने प्रभावकारी औषधि भने छैन । त्यसैले कम्तीमा पनि हप्तामा एक पटक आ-आफ्ना कार्यस्थल वरिपरि लामखुट्टेको लार्भा नष्ट गर्न समय निकाल्नुपर्ने विज्ञ बताउँछन् ।

*(स्रोत: अनलाइनखबर)*

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना